# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, लुम्बिनी, रुपन्देही
२०८०

## अन्तिम मस्यौदा प्रतिवेदन

प्रतिवेदन पेश गर्ने :

उन्नति रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा. लि., ललितपुर
**E-mail:** unnati.rtc@gmail.com

# विषयसूची:


१.१ अध्ययनको पृष्ठभूमि........................................................................................१
१.२ अध्ययनको उद्देश्यः........................................................................................२
१.३ अध्ययनको कार्यक्षेत्र: ......................................................................................२
१.४ अध्ययनको विधिः ........................................................................................२
१.५ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको जिम्मा पाएको संस्थाको कार्यविवरणः ................२
१.६ अपेक्षित उपलब्धी........................................................................................ ३
१.७ अध्ययनको सीमाः........................................................................................ ३
२.१ लुम्बिनी सांस्कृतिक नगरपालिकाको संक्षिप्त परिचय.............................................५
२.२ विद्यमान सांगठनिक ढाँचा ..............................................................................७
२.३. विद्यमान दरबन्दीको अवस्था...........................................................................८
२.४ विद्यमान संरचना र दरबन्दी सम्वन्धमा देखिएका समस्याहरु ...............................१०
२.५ कानुनी व्यवस्था...........................................................................................१०
२.६ सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका सिद्धान्तहरु..............................................१२
३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण...................................................१३
३.१.१ नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल र साझा अधिकारहरुको सूचि.................................................................................१३
३.१.२ स्थानीय सरकार संचालन ऐन बमोजिम नगरपालिकाको काम कर्तव्य र अधिकारहरु.१४
३.१.३ नेपाल सरकारको कार्यविस्तृतीकरण अनुसार स्थानीय तहका अधिकारहरु...............३६
३.२ उपलब्ध मानव स्रोतको आँकलन.......................................................................६४
३.३ परिवर्तनको औचित्य.......................................................................................६४
३.४ वित्तीय विश्लेषण र थप दरबन्दीले पर्न सक्ने भार ..............................................६५
४.१ प्रस्तावित सांगठनिक ढाँचाको व्याख्या .............................................................. ६६
४.२ प्रस्तावित दरबन्दी विवरणको व्याख्या................................................................ ६६
४.३ प्रस्तावित दरबन्दीको औचित्य........................................................................... ६६
४.४ सिफारिश तथा सुझाव...................................................................................... ६७

५.१ लुम्बिनी साँस्कृतिक नगरपालिका, नगर कार्यपालिकाको प्रस्तावित संगठन संरचना........ ७०

५.२ नगर कार्यपालिकाको प्रस्तावित दरवन्दी तेरिज ................................................ ७१

६.१ शाखा तथा इकाइहरुको कार्यविवरण ........................................................ ७५

६.२ आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको कार्यविवरण ........................................... ९७

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्ध व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक छ।

लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालनलाई व्यवस्थित र वैज्ञानिक बनाउन आवश्यक पर्दछ।

नेपालको संविधानले सङ्कल्प गरेको वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबै प्रकारको विभेदको अन्त्य गरी आर्थिक समानता सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माणमा स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहेको छ।

नेपालको संविधान २०७२ को भाग-५ राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व र अनुसुची-८ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा(२), धारा २२१ को उपधारा(२) र धारा २२६ को उपधारा१) सँग सम्बन्धित स्थानीय तहको अधिकारको सूची र अनुसूची-९ (धारा ५७ को उपधारा(५), धारा १०९, धारा १६२ को उपधारा(४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (२) सँग सम्बन्धित अनुसुची-८ मा उल्लेख भए बमोजिम स्थानीय तहको एकल अधिकारको सूची र अनुसुची र अनुसुची-९ मा उल्लेख भए बमोजिमको साझाअधिकारको सूची तथा स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन, २०७४ को दफा ८३ ले प्रद्धत प्रशासनिक सङ्गठन तथा कर्मचारी दरबन्दी सम्बन्धि अधिकारले पनि महत्वपूर्ण काम, कर्तव्य र अधिकार व्यवस्था गरेको र कार्य क्षेत्रलाई व्यापकता प्रदान गरेको अबस्थाले गर्दा स्थानिय तहको सङ्गठनको विस्तृत अध्ययन गरिएको छ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्य सञ्चालनको लागि एक कार्यालय रहने र १३ वटा वडामा आवश्यकता अनुसार विभिन्न स्थानमा कार्यालय स्थापना गर्न सक्ने व्यवस्था गरिएको र कर्मचारी समायोजन ऐन २०७५ को दफा ३(११) मा कर्मचारी समायोजन सकिए पछि पुनसंरचना गर्न सक्ने कानूनी व्यवस्था अनुरुप लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्यात्मक विश्लेषण गरी संगठनात्मक व्यवस्थापन अध्ययन गर्ने कार्यक्रम गरिएको छ।

## १.२ अध्ययनको उद्देश्यः

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई अधिकार सम्पन्न गराए पश्चात् यसको कार्य क्षेत्र समेत बढेको हुँदा हालसम्मको अनुभव समेतका आधारमा यो नगरपालिका सुहाउँदो संरचना, कार्य विवरण र जनशक्तिको विवरण तयार गर्ने।

## १.३ अध्ययनको कार्यक्षेत्रः

नेपालको संविधान, नेपाल सरकार, नगरपालिकाका आवधिक योजना, अन्तर्राष्ट्रिय प्रतिबद्धताका दस्ताबेज एवं क्षेत्रगत कानुन र नीतिसँग मेल खाने गरी सामाजिक तथा आर्थिक राजनैतिक अधिकारको आधारमा नगरपालिकाको केन्द्र तथा 5 वटै वडा कार्यालयको सङ्गठन संरचना तथा दरबन्दी विवरण तयार गर्ने। साथै प्रस्तावित शाखा र पदको कार्य विवरण तयार गर्ने।

## १.४ अध्ययनको विधिः

नगरपालिकाको सङ्गठन तथा व्यवस्थापनको क्रममा देहायको अध्ययन विधि अवलम्बन गरिएको छ।

**(क) प्राथमिक स्रोतसंग सम्बन्धित विधिहरूः**

नगरपालिकाको केन्द्र तथा १३ वटै वडाको सङ्गठन संरचना र कार्य विवरण तयार गर्दा कार्यशाला, प्रश्नोत्तर तथा अन्तर्वार्ता जस्ता विधिहरू प्रयोग गरिएको छ।

**(ख)द्वितीय स्रोतसंग सम्बन्धित विधिहरूः**

यस विधि अन्तर्गत स्थानीय तहसँग सम्बन्धित संविधान, ऐन, नियमहरू साथै सङ्गठन र कार्य विवरण सम्बन्धी सिद्धान्तहरू बारे अध्ययन गरिने छ। साथै स्थानीय तहको सेवा प्रवाहसँग सम्बन्धित भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र अनुबन्धहरूको अध्ययन गरिएको छ।

## १.५ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको जिम्मा पाएको संस्थाको कार्यविवरणः

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको जिम्मा पाएको संस्थाको कार्य विवरण देहाय बमोजिम रहेको छः

- नगरपालिका सम्बन्धी विगतमा भएका नीतिगत र कार्यक्रमहरूको अध्ययन गरी विगतका प्रयासहरू र अनुभवहरूको आधारमा समेत विगतका सिकाइहरूलाई वर्तमान परिवेशमा परिमार्जन सहित कार्य सम्पादन गर्न व्यवस्था मिलाउने।
- नगरपालिकाको वर्तमान सङ्गठनात्मक ढाँचा र मौजुदा जनशक्तिको कार्य विश्लेषण गर्ने।
- नगरपालिकाको दरबन्दीको कार्यात्मक विश्लेषण गर्ने।
- नगरपालिकाको सङ्गठनात्मक स्वरूपको चुस्त र दुरुस्त ढाँचा तथा कार्य विवरण तयार गर्ने।
- नगरपालिकाको प्रस्तावित सङ्गठन संरचना अनुसारको शाखाहरूको कार्य विवरण तयार गर्ने।
- शाखा अन्तर्गतका सम्पूर्ण पदहरूको कार्य विवरण तयार गर्ने।
- नगरपालिकाको छ वटै वडामा स्थापना हुने सम्भावित कार्यालयहरूको कार्यात्मक विश्लेषण गरी सङ्गठनात्मक ढाँचा र कार्य विवरण तयार गरी पद अनुसारको जनशक्ति प्रस्ताव गर्ने।
- नगरपालिकाको कार्य बोझ तथा कार्य प्रकृतिको विश्लेषण गर्ने।
- नगरपालिकाको उपलब्ध मानव स्रोतको आँकलन गर्ने।
- नगरपालिकाको परिवर्तित सङ्गठन संरचनाको औचित्य पुष्टि गर्ने।
- नगरपालिकाको प्रस्तावित दरबन्दीको वित्तीय विश्लेषण गर्ने।
- नगरपालिकाको आवश्यकताअनुसार वडा स्तरमा अन्तरक्रियात्मक कार्यक्रम बनाई सरोकारवालासँग छलफल गरी सुझाव सङ्कलन गर्ने।
- नगरपालिकाका प्रमुख, उपप्रमुख, नगरपालिकाका सदस्यहरू, वडा अध्यक्ष, वडा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुखहरू र सरोकारवालासँग बैठक बसी छलफल गर्ने।
- छलफलका आधारमा प्रतिवेदन तयार गरी पेस गर्ने।

## १.६ अपेक्षित उपलब्धी

नगरपालिकाको केन्द्र तथा १३ वटै वडाको सङ्गठन संरचना तथा व्यवस्थापन प्रतिवेदन तयार हुने।

## १.७ अध्ययनको सीमाः

नगरपालिकाको केन्द्र तथा १३ वटै वडाको विभिन्न पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरू र सरोकारवालासँगको छलफल, प्रस्तावित शाखाहरूको कार्य विवरण, कार्य बोझ र कार्य प्रकृतिको अध्ययन विश्लेषण, यस वाट प्राप्त राय/सुझावहरू तथा विगतका अध्ययन

प्रतिवेदनहरूको विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। नयाँ कायम रहने नगरपालिका अन्तर्गत शाखा तथा एकाइमा कार्य गर्नका लागि दरबन्दी सृजना गर्नु परेको र नगरपालिकाको संरचनालाई समयानुकूल बनाउन गर्नु पर्ने आवश्यक फेरबदलको सिफारिस गर्नु प्रमुख उद्देश्य भई छोटो समयमा नै कार्य सम्पन्न गर्नु परेका कारण अध्ययन व्यापक नहुन सक्छ तथापि तोकिएको कार्यक्षेत्र र जिम्मेवारी पूरा हुने गरी नै सिफारिस गरिएको छ।

# भाग- २

## २.१ लुम्बिनी सांस्कृतिक नगरपालिकाको संक्षिप्त परिचय

लुम्बिनी सांस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्दछ। ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेन्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेन्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी सांस्कृतिक लुम्बिनी प्रदेशको एउटा प्रमुख पर्यटकीय क्षेत्र हो। सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लुम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामकरण लुम्बिनी सांस्कृतिक नगरपालिका रहेको हो। करिब ११२.२१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गैडहवा गाउँपालिका, पश्चिमतिर कपिलवस्तु जिल्ला, दक्षिणमा सम्मरीमाई गाउँपालिका र भारत र पूर्वमा कोटहीमाई र मायादेवी गाउँपालिका रहेका छन्। लुम्बिनी सांस्कृतिक नगरपालिकालाई २०७१ वैशाख १५ गते नगरपालिका घोषणा गरिएको थियो। नगरपालिका घोषणा गर्दा साबिकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरू रहेका थिए भने मिति २०७२ पुस २१ गते साबिकको आमा गा.वि.स. समावेश गरी जम्मा २१ वडा कायम गरेको थियो। मिति २०७३ फाल्गुन २२ गते नेपाल सरकारको निर्णय अनुसार साबिकका वडाहरू २१ वडाहरूलाई घटाएर १३ वडाहरू कायम गरिएको छ । यस नगरपालिकामा ११ वटा माध्यमिक तह, ५० वटा आधारभूत तह र अन्य १४४ गरी जम्मा १८५ वटा शिक्षण संस्थाहरू सञ्चालित छन्। यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मुसलमान जाति २९,४६१ जना (३३.७ %), दोस्रोमा यादव ११,६४८ (१३.३%) र तेस्रोमा लोध ७०९५ (८.१%) हरूको बसोबास रहेको छ। यस नगरपालिकामा १३ वडाहरू रहेका छन्। औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठुलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति रोजगारी तथा अध्ययनका लागि बिदेसिने क्रम अत्यधिक बढिरहेको छ। यस नगरमा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था केही मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीय भएको भए तापनि केही सीमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। लामो समय सम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा


कठिनाइ तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाइ हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दसैं, तिहार, माघी, होली, गौरा, कृष्ण जन्माष्टमी, बकरइद, आईतबारी, छठ पर्व, बुद्ध जयन्ती, त्रिफष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाइन्छ।

*श्रोत नगरपालिकाको वेभसाइट*

## २.२ विद्यमान सांगठनिक ढाँचा

साविकमा नेपाल सरकार(मन्त्रिपरिषद) बाट स्वीकृत भएको लुम्बिनी सांस्कृतिक नगरपालिकाको सङ्गठन संरचना देहाय बमोजिम रहेको छ।

**लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही, नगर कार्यपालिकाको कार्यालयको सङ्गठन संरचना**



## २.३. विद्यमान दरबन्दीको अवस्था

### लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही

### नगर कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | | | * |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | १ | | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ७ | जन स्वास्थय अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | | १ | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | वि.ए.आ. | १ | | १ | |
| ९ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | | १ | | १ | |
| १० | आ.ले.प. अधिकृत | ६ | प्रशासन | लेखा | | १ | | १ | |
| ११ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| १२ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | | १ | |
| १३ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| १५ | लेखा सहायक | ५ | प्रशासन | लेखा | | १ | | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| १७ | सव-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | २ | | २ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | | १ | |
| १९ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | | १ | |
| २० | सर्भेक्षक | ५ | इन्जि. | सर्भे | | १ | | १ | |
| २१ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २२ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | १ | | १ | |
| २३ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | | १ | |
| **कार्यालय तर्फ जम्मा** | | | | | | ३२ | ० | ३१ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा कार्यालय (१३ वटा)** | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ६ | | ६ | |
| २ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ६ | | ६ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ७ | | ७ | |
| ४ | अ. सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ७ | | ७ | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | | २६ | | २६ | |
| **कुल जम्मा** | | | | | | ६२ | | ६१ | |

* संघको दरबन्दी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **कृषि तथा पशु सेवा तर्फको दरबन्दी** | | | | | | | | | |
| १ | कृषि विकास अधिकृत | | कृषि | | | १ | | १ | |
| २ | पशु विकास अधिकृत | | कृषि | लापो | | १ | | १ | |
| ३ | प्राविधिक सहायक | | कृषि | | | २ | | २ | |
| ४ | पशु स्वास्थ्य प्राविधिक | | कृषि | भेट | | १ | | १ | |
| ५ | पशु सेवा प्राविधिक | | कृषि | लापो | | १ | | १ | |
| ६ | पशु सेवा प्राविधिक | | कृषि | मत्स्य | | १ | | १ | |
| ७ | नायव पशु स्वास्थ्य प्राविधक | | कृषि | भेट | | १ | | १ | |
| ८ | नायव पशु सेवा प्राविधक | | कृषि | लापो | | १ | | १ | |
| ९ | नायव प्राविधिक सहायक | | कृषि | | | १ | | १ | |
| | कृषि तथा पशु सेवाको कूल दरबन्दी | | | | | १० | | १० | |
| **स्वास्थ्य तर्फको दरबन्दी** | | | | | | | | | |
| १ | हे.अ. (५/६/७ तह) | | स्वास्थ्य | हे इ | | ९ | | ९ | |
| ३ | अ.हे.ब. (४/५/६ तह) | | स्वास्थ्य | हे इ | | १८ | | १८ | |
| ४ | अ.न.मी. (४/५/६ तह) | | स्वास्थ्य | | | १८ | | १८ | |
| | स्वास्थ्य सेवाको जम्मा दरबन्दी | | | | | ४५ | ० | ४५ | |
| **जम्मा** | | | | | | १२५ | | १२५ | |

यो सङ्गठन संरचना र दरबन्दी नेपाल सरकारबाट स्वीकृत हो। यसमा २०७७ सालको नगरसभाबाट सङ्गठन संरचना र दरबन्दीमा व्यापक पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइएको छ।

## २.४ विद्यमान संरचना र दरबन्दी सम्वन्धमा देखिएका समस्याहरु

यस नगरपालिकाले २०७९ सालमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न मितिका निर्णय बमोजिम भएका सर्वेक्षण/दरबन्दीमा थपघट गरी सङ्गठन संरचना निर्माण गरेको भए तापनि उक्त दरबन्दीबाट नगरपालिका र वडाका कामकारबाहीलाई व्यवस्थित गर्न नसकिएको कुरा छलफलका क्रममा नगर प्रमुख, उपप्रमुख तथा वडाका जनप्रतिनिधिबाट जानकारी भएको थियो। यस नगरपालिकाको कूल १२३ वटा दरबन्दीहरू स्वीकृत भएको छ। जसमध्ये प्रमुख प्रशासकीय अधिकृत सङ्घको दरबन्दी रहेको र बाँकी १२४ दरबन्दीहरू नगरपालिकाको रहने गरी निर्णय भएको छ। त्यस्तै यस अगाडी देखि नै कार्यरत कार्यालय सहयोगी दरबन्दी लाई मौजुदा सङ्गठन संरचनामा नदेखाइएको भएतापनि ती समेत गरी जम्मा १२३ कर्मचारीहरू कार्यरत रहेका छन्। नेपालको संविधानका विभिन्न अनुसूचीहरू र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न उक्त दरबन्दीबाट अधिकांश शाखा/उपशाखाको कार्य सम्पादनमा सहज नै भएको दरबन्दी विश्लेषणबाट देखियो। विशेष गरी नगर प्रहरीको दरबन्दी अति कम भएको हुँदा नगरपालिकाको बजार क्षेत्र र वडा सङ्ख्यालाई आधार मानेर नगर प्रहरीको दरबन्दी थप गर्नुपर्ने देखिन्छ। त्यसैले नगरपालिकाको दरबन्दी पुनरावलोकनका लागि समेत यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपरेको हो।

## २.५ कानुनी व्यवस्था

लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि देहायका कानुनी आधारहरू रहेका छन्।

### क. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को

**उपदफा** (१) नगरपालिका तथा नगरपालिकाको आफ्नो कार्य बोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्नेछ।

**उपदफा** (२) उपदफा (१) बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्नेछ।

**उपदफा** (३) प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका वा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्य बोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ।

**उपदफा** (४) उपदफा (३) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार सम्बन्धित बिदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च बेहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (५) उपदफा (३) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च बेहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (६) स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन।

**उपदफा** (७) गाउँपालिका तथा नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ।

**उपदफा** (८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन।

**उपदफा** (९) उपदफा (७) र (८) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ।

**उपदफा** (१०) यस दफा बमोजिम तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ।

**ख. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०)** कर्मचारी समायोजनको कार्य सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन्। सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

## २.६ सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका सिद्धान्तहरु

लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका क्रममा देहायका सिद्धान्तहरू अवलम्बन गरिएको छ।

- कार्य विशिष्टीकरण - मिल्दो वा एकै प्रकृतिकोको कार्य एकै ठाउँमा राख्ने सिद्धान्त अनुरूप सङ्गठन संरचना प्रस्ताव गरिएको,
- कार्य बोझ र दरबन्दीको किसिम, तह र सङ्ख्याबिच तालमेल मिलाइएको,
- प्रत्येक पदमा आसीन कर्मचारीले हप्तामा ४० घण्टा काम गर्नु पर्ने। कुनै एक दरबन्दी सृजनाको लागि प्रत्येक हप्ता ४० घण्टाको कार्य बोझ (work load) हुनुपर्ने गरी दरबन्दी प्रस्ताव गरिएको,
- दरबन्दी संरचनालाई यथासम्भव घटाइ उपयुक्त आधारमा ल्याइएको,
- सूचना प्रविधिको प्रयोगबाट सङ्गठनको अभिलेख व्यवस्थापन कार्य सरलीकरण, समयको बचत, स्थान व्यवस्थापन (space management) कार्य दक्षतामा हासिल गर्ने सङ्गठन तथा कार्यविधिलाई IT based बनाउने प्रयास गरिएको,
- सङ्गठन तथा दरबन्दी सिर्जना गर्दा कार्य बोझका आधारमा संरचनाको सिद्धान्त (Structure Based on workload), सङ्गठनात्मक संरचनाको आधारमा जनशक्तिको सिद्धान्त (Staffing based on Functions and Structure), आयतन लाभको सिद्धान्त (Economies of Scale) र सेवा प्रवाहको सुनिश्चितता (Certainty of Service Delivery) लाई ध्यानमा राखी उपयुक्त सङ्गठन संरचना र दरबन्दी सृजना गरिएको।

**भाग- ३**

## ३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण

स्थानीय तहहरूको कार्यक्रम, कार्य बोझ र कार्य प्रकृति विशेष गरी नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एक अधिकारको सूचि र अनुसूची ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहहरूको साझा अधिकारको सूचि मा उल्लिखित अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित काम, कर्तव्य र अधिकारहरू तथा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लिखित अधिकारहरूको परिधि भित्र रहेको हुन्छ। उक्त दस्तावेजमा उल्लिखित अधिकारहरू देहाय बमोजिम रहेका छन्।

### ३.१.१ नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल र साझा अधिकारहरुको सूचि

(१) **अनुसुची** ८ स्थानीय तहको एकल अधिकारको सूचि

- नगर प्रहरी
- सहकारी संस्था
- एफ. एम सञ्चालन
- स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाइ
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ
- गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन

- घर जग्गा धनी पुर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
- ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
- बेरोजगारको तथ्यांक संकलन
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
- विपद व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

(२) **अनुसुची ९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**

- सहकारी
- शिक्षा, खेलकूद र पत्रपत्रिका
- स्वास्थ्य
- कृषि
- विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू
- सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
- वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
- खानी तथा खनिज
- विपद व्यवस्थापन
- सामाजिक सुरक्षा र गरीबी निवारण
- व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक
- पुरातत्व, प्राचीन स्मारक र संग्रहालय
- सुकुम्बासी व्यवस्थापन
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
- सवारी साधन अनुमति

### ३.१.२ स्थानीय सरकार संचालन ऐन बमोजिम नगरपालिकाको काम कर्तव्य र अधिकारहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १२ बमोजिम नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्।

## क. नगर प्रहरी

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुर्‍याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः—

(क) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

## ख. सहकारी संस्था

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवद्र्धन, परिचालन र विकास ।

**ग. एफ.एम. सञ्चालन**

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवद्र्धन,

(६) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

(८) स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सकंलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

**ङ. स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सगंठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सगंठन तथा व्यवस्थापन सर्वेक्षण गरी सगंठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवद्र्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**च. स्थानीय तथ्याकं र अभिलेख सकंलन**

(१) स्थानीय तथ्याकं सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याकं सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याकंको सकंलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याकं र अभिलेख सकंलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याकंन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको

निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको “घ” वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवद्र्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याकंन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवद्र्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याकं प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवद्र्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्धन र अभिलेखाकंन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

**ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाइ**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुगें पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

**ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**ड. स्थानीय अभिलेख व्यवस्थापन**

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैगिंक सशक्तीकरण सूचकाङ्क, राजश्व

तथा आयव्यय समेतको तथ्याकं सकंलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण**

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

**ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी**

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

**त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन**

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपा·ता पुनस्र्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनस्र्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**थ. बेरोजगारको तथ्याकं सकंलन**

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सकंलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याकं सकंलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याकंको सकंलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याकं सकंलन सम्बन्धी अन्य कार्य।

### द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्रागांरिक खेती तथा मलको प्रवद्र्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

### ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र

प्रवद्र्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

## न. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात् स्थानीयस्तरको पुनरुत्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू—संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(४) भू—संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सकंलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वद्र्धनमा सहयोग,

(७) ढुगां, गिट्टी, बालुवा, नुन, माटो, खरीढुगां तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(८) भौगर्भिक नक्सा प्रकाशन ।

**फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातइभ्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवद्र्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

(३) गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची—९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

**क. खेलकुद र पत्रपत्रिका**

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवद्र्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

**ख. स्वास्थ्य**

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवद्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनरुस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवद्र्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

**ग. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू**

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सकंलन सम्बन्धी व्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सकंलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सकंलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सकंलन ।

**ङ. वन, जगंल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

(१) वन, ज·ल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्वद्र्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा निजी वनको प्रवद्र्धन, अनुगमन र नियमन,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सकंलन, प्रवद्र्धन, प्रशोधन र बजार व्यवस्थापन,

(८) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवद्र्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवद्र्धन,

(१०) वन्यजन्तु र चराचुरुगींको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,

(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुगींको अभिलेखाकंन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

(१७) मिचाहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाकंन,

(२०) स्थानीयस्तरमा हरियाली प्रवद्र्धन,

(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,

(२२) रैथाने प्रजातिको संरक्षण र प्रवद्र्धन,

(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,

(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

### च. सामाजिक सुरक्षा र गरिबी निवारण

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्यांक र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

### छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र

नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

**ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्र्धन र पुनः निर्माण**

**झ. सुकुम्बासी व्यवस्थापन**

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

**ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सकंलन तथा बाँडफाँट ।

**ट. सवारी साधन अनुमति**

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपागंता र लैंगिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवद्र्धन ।

माथि उल्लिखित अधिकारका अतिरिक्त गाउँपालिका तथा नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

**क. भूमि व्यवस्थापन**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू—उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

**ख. सञ्चार सेवा**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवद्र्धन गर्ने ।

**ग. यातायात सेवा**

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य।

(६) सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ ।

(७) गाउँपालिका वा नगरपालिकाले उपदफा (१), (३), (४) र (५) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(८) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।

**(ठ) संघ, संस्था दर्ता तथा नवीकरण**

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

**वडा समितिको काम, कर्तव्य र अधिकारः**

**क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन**

(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि

उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

**ख. तथ्यांक अद्यावधिक तथा संरक्षण**

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्यांक सकंलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्यांक र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

**ग. विकास कार्य**

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमैलाको सकंलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत

संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवद्र्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधिको माग सकंलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सकंलन गर्ने,

(१५) पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवद्र्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पञ्छाउने,

(२४) घरेलु उद्योगको लगत सकंलन तथा सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवद्र्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सकंलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबिच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सकंलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,

(३५) असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सकंलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवद्र्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्रागांरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवद्र्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवद्र्धन गर्ने ।

## घ. नियमन कार्य

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवद्र्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

## ङ. सिफारिस तथा प्रमाणित गर्ने

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजि भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक—फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्याकंन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अंगीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

### ३.१.३ नेपाल सरकारको कार्यविस्तृतीकरण अनुसार स्थानीय तहका अधिकारहरु

| अधिकार सूचीको क्र.सं. | संविधानको अधिकार सूचीका विषय | संविधानको अधिकार सूचीका विषयको विस्तृतीकरण | |
|---|---|---|---|
| १ | नगर प्रहरी | १.१ | स्थानीय सरकारले तर्जुमा गरी लागू गरेका नीति, कानून मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग |
| | | १.२ | स्थानीय सरकारको सम्पत्ति संरक्षण |
| | | १.३ | स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा, जात्रा चाडपर्व आदि व्यवस्थापनमा सहयोग पुर्याउने |
| | | १.४ | स्थानीय बजार, पार्किंग स्थल व्यवस्थापनमा सहयोग |
| | | १.५ | स्थानीय नगर कार्यपालिकाले तोकेका नगर गाउँ प्रहरी सम्बन्धी नीति, योजना, कार्यक्रम बमोजिमका कार्य |
| | | १.६ | स्थानीय कानून बमोजिम नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन र कसूर उपर छानवीन र अनुसन्धान |

| | | | |
|---|---|---|---|
| | | १.७ | स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग |
| | | १.८ | स्थानीय तहको कार्यालय परिसर, सम्पदा, सार्वजिनक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा |
| | | १.९ | विपद ब्यवस्थापनमा सहयोग |
| | | १.१० | अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग |
| | | १.११ | संघीय तथा प्रदेश कानूनको अधिनमा रहि नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २ | सहकारी संस्था | २.१ | सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | | २.२ | स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन |
| | | २.३ | सहकारी बचत तथाऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड, नियमन |
| | | २.४ | सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य |
| | | २.५ | सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| | | २.६ | स्थानीय सहकारी सम्वन्धी क्षमता अभिवृद्धि |
| | | २.७ | स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन |
| | | २.८ | सहकारी संस्थाको प्रबर्द्धन र विकास |
| ३ | एफ. एम.संञ्चालन | ३.१ | १०० वाट सम्मका एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन |

| | | | |
|---|---|---|---|
| | | ३.२ | स्थानीय क्षेत्र भित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबुल तथा तार विहिन टेलीभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन (अनुसूची ९ (६) बाट समेत) | ४.१ | आर्थिक कार्यविधि सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | | ४.२ | बजेट सीमा, निर्धारण, तर्जुमा, कार्यान्वयन र नियमन |
| | | ४.३ | स्थानीय सञ्चित कोष व्यवस्थापन |
| | | ४.४ | आर्थिक प्रशासन र व्यवस्थापन |
| | | ४.५ | स्थानीय तहको लगानी र लाभांशको व्यवस्थापन |
| | | ४.६ | स्थानीय तहको विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष एवं अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, लेखा तथा लेखापरीक्षण |
| | | ४.७ | सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत, वहाल विटौरी घर जग्गा कर, मृत वा मारिएको जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन व्यवसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन |
| | | ४.८ | स्थानीय पूर्वाधार तथा सेवामा शुल्क निर्धारण र संकलन र व्यवस्थापन |
| | | ४.९ | ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग र र्‍याफ्टिङ्ग शुल्क |

| | | | |
|---|---|---|---|
| | | ५१० | स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन |
| | | ५११ | राजस्व सूचना तथा तथ्यांकको आदान प्रदान |
| | | ५१२ | स्थानीय तहमा राजस्व नियन्त्रण सम्वन्धी नीति, कानुन, मापदण्ड र नियमन |
| | | ५.१३ | स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड रनियमन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | ५.१ | स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन |
| | | ५.२ | संविधानको धारा ३०२ समेतका आधारमा कर्मचारी समायोजन पछि वित्तीय स्रोतका अधिनमा रहि आवश्यकता अनुसार कानून बमोजिम स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन |
| | | ५.३ | स्थानीय तहको सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास |
| | | ५.४ | संक्रमणकालीन व्यवस्थापन अन्तर्गत केन्द्रीय सरकारबाट स्थानीय तहमा समायोजन भई आउने कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय |
| | | ५.५ | कानून बमोजिम स्थानीय तहको सङ्गठन संरचना तथा दरबन्दी निर्धारण |
| | | ५.६ | स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग,प्रवर्द्धन र नियमन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन (अनुसूची ९ को११ समेत) | ६.१ | स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ६.२ | बेरोजगारको तथ्याङ्क सहित स्थानीय तहका आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | ६.३ | पञ्जीकरण व्यवस्थापन |
| | | ६.४ | स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन |
| | | ६.५ | स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधियुक्त तथ्याङ्क व्यवस्थापन |
| ७ | स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु | ७ | **स्थानीय स्तरका विकास आयोजना परियोजनाहरु** |
| | | ७.१ | स्थानीय स्तरका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन |
| | | ७.२ | अध्ययन, अनुसन्धान, आयोजना प्रभाव मुल्याङ्कन |
| | | ७.३ | स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत, साधनको अभिलेख (प्रोफाईल) तयार गर्ने |
| | | ७.४ | स्थानिय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना रनियमन |
| | | ७.५ | सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानिय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन |
| | | ७.६ | राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन |
| | | ७.७ | स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायीक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार |

| | | | |
|---|---|---|---|
| | | ७.८ | संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग |
| ८ | आधारभूत तथा माध्यमिक शिक्षा | ८.१ | प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक (गुरुकुल, मदरसा, गुम्वा आदि) एवम् निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ८.२ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन |
| | | ८.३ | पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन |
| | | ८.४ | विद्यालय शिक्षक एवं कर्मचारीको व्यवस्थापन |
| | | ८.५ | विद्यालय नक्शाङ्कन, विद्यालयको अनुमति, स्वीकृति, समायोजन र नियमन |
| | | ८.६ | शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार |
| | | ८.७ | आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन |
| | | ८.८ | विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन |
| | | ८.९ | विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन |
| | | ८.१० | शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन |
| | | ८.११ | स्थानीय तहका शैक्षिक ज्ञान, सिप र प्रविधि संरक्षण, प्रबर्द्धन र स्तरीकरण |
| | | ८.१२ | स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन |
| | | ८.१३ | माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन |

| | | | |
|---|---|---|---|
| ९ | आधारभूत स्वास्थ्य र सरसफाई | ९.१ | आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन |
| | | ९.२ | आधारभूत स्वास्थ्य सेवा संचालन र प्रवर्द्धन |
| | | ९.३ | अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन |
| | | ९.४ | स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| | | ९.५ | स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण नियन्त्रण |
| | | ९.६ | सरसफाई सचेतना अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन |
| | | ९.७ | स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनर्उपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण र नियमन |
| | | ९.८ | रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा |
| | | ९.९ | औषधि पसल सञ्चालन र नियमन |
| अनुसूची ९ को ३ बाट | स्वास्थ्य | ३.१ | राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको लक्ष्य र गुणस्तर निर्धारण |
| | | ३.२ | राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल र नर्सिङ्ग होम, निदानकेन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन |
| | | ३.४ | स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण |

| | | | |
|---|---|---|---|
| | | ३.५ | स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन |
| | | ३.६ | स्थानीयस्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन |
| | | ३.७ | स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण |
| | | ३.८ | स्थानीयस्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण |
| | | ३.९ | स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन |
| | | ३.१० | स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) |
| | | ३.११ | स्थानीयस्तरको प्रर्वधनात्मक र प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभस्वास्थ्य सेवा सञ्चालन |
| | | ३.१२ | स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन |
| | | ३.१३ | जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापन |
| | | ३.१४ | सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि |
| | | ३.१५ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | | ३.१६ | स्थानीयस्तरमा जनस्वास्थ्य आपत्कालीन स्वास्थ्य, महामारी नियन्त्रण योजना र कार्यान्वयन |
| | | ३.१७ | स्थानीयस्तरमा सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| | | ३.१८ | आकस्मिक स्वास्थ्य सेवा प्रवाह |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता (अनुसूची ९ (७) समेत) | **१०.१** | **स्थानीय बजार व्यवस्थापन** |
| | | १०.१.१ | स्थानीय व्यापार/वाणिज्य, माग/ आपूर्ति, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवम् हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | | १०.१.२ | स्थानीय बजार तथा हाटबजार व्यवस्थापन |
| | | १०.१.३ | स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन |
| | | १०.१.४ | स्थानीय व्यापार/वाणिज्य सम्वन्धी पूर्वाधार |
| | | १०.१.५ | स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन |
| | | १०.१.६ | स्थानीयस्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| | | १०.१.७ | स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान |
| | | १०.१.८ | निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य |
| | | १०.१.९ | स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन |
| | | १०.१.१० | स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन |

| | | | |
|---|---|---|---|
| | | १०.१.११ | उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु एवं सेवाको गुणस्तर परीक्षण |
| | | **१०.२** | **वातावरण संरक्षण र जैविक विविधता** |
| | | १०.२.१ | स्थानीय वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन- |
| | | १०.२.२ | स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण |
| | | १०.२.३ | स्थानीय स्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| | | १०.२.४ | स्थानीय स्तरमा सरसफाई र फोहर व्यवस्थापन |
| | | १०.२.५ | स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन |
| | | १०.२.६ | स्थानीय स्तरमा हरित क्षेत्र प्रवर्द्धन |
| | | १०.२.७ | स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ (अनुसूची ९(५) समेतबाट) | ११.१ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ११.२ | स्थानीय सडक, ग्रामीण सडक, कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटबन्धन सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, संभार, नियमन |
| | | ११.३ | स्थानीय क्षेत्रमा ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |

| | | | |
|---|---|---|---|
| | | ११.४ | राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय र सहकार्य |
| | | ११.५ | स्थानीय तहमा यातायात सुरक्षा व्यवस्थापन र नियमन |
| १२ | गाउँसभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | १२.१ | गाउँसभा, नगरसभाले आआफ्नो क्षेत्रको नीति, कानून र मापदण्डको स्वीकृति |
| | | १२.२ | स्थानीय स्तरका आवधिक योजना तथा वार्षिक योजना एवम् बजेट स्वीकृति |
| | | १२.३ | स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी वमोजिम आफ्नो क्षेत्रभित्र राजश्वका दर र अन्य शुल्क निर्धारण |
| | | १२.४ | स्थानीय स्तरको प्राकृतिक श्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना |
| | | १२.५ | स्थानीय सामुदायिक मेलपिलाप र मध्यस्थता |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन | १३.१ | स्थानीय अभिलेख व्यवस्थापन सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १३.२ | स्थानीय स्तरको अभिलेख व्यवस्थापन |
| १४ | घरजग्गा धनी पुर्जा वितरण | १४.१ | प्रादेशिक मापदण्ड बमोजिम स्थानीय घर जग्गा धनी पुर्जा वितरण लगत व्यवस्थापन |
| | | १४.२ | भूमिको वर्गीकरण अनुसारको लगत |
| | | १४.३ | स्थानीय जग्गाको कित्ता काट र भूमि लगत (नक्सा, सेस्ता) निर्माण र संरक्षण |
| | | १४.४ | सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवं वितरणमा समन्वय र सहजीकरण |
| | | १४.५ | जग्गा विवाद समाधान |

| | | | |
|---|---|---|---|
| | | १४.६ | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवं वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थय, सहकारी र कृषि अनुसूची ९(४) | **१५.१** | **कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य** |
| | | १५.१.१ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १५.१.२ | कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, साना सिंचाइनिर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकासकार्यक्रम संञ्चालन र नियमन |
| | | १५.१.३ | कृषि तथा पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण |
| | | १५.१.४ | पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन |
| | | १५.१.५ | कृषि वातावरण संरक्षण, जैविक विविधता संरक्षण र प्रबर्द्धन |
| | | १५.१.६ | उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन तथा विकास र बजारीकरण |
| | | १५.१.७ | पशुनश्ल सुधार पद्धति विकास र व्यवस्थापन |
| | | १५.१.८ | स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन |
| | | १५.१.९ | पशु आहार गुणस्तर नियमन |
| | | १५.१.१० | स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली |
| | | १५.१.११ | बधशाला र शीत भण्डारणको ब्यवस्थापन र नियमन |

| | | | |
|---|---|---|---|
| | | १५.१.१२ | कृषि तथा पशुपन्छी सम्वन्धी बीमा र कर्जा सहजीकरण |
| | | १५.१.१३ | साना सिंचाई निर्माण तथा सुधार |
| १६ | जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन | १६.१ | संघ र प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय स्तरमा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन |
| १७ | बेरोजगारको तथ्यांक संकलन अनुसूची ८(१७) | १७.१ | रोजगार र बेरोजगारको तथ्यांक संकलन, प्रशोधन रसूचना प्रणाली |
| | | १७.२ | विदेशी श्रमिकको सूचना व्यवस्थापन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण | १८.१ | कृषि प्रसार सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १८.२ | स्थानीय तहमा कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन |
| | | १८.३ | कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण |
| | | १८.४ | बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन |
| | | १८.५ | कृषक समूह, सहकारी र स्थानीय सम्वद्ध संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन |
| | | १८.६ | स्थानीय स्तरमा कृषि सम्वन्धी प्रविधि संरक्षण र हस्तान्तरण |
| | | १८.७ | कृषिसम्वन्धी सूचना प्रचारप्रसार |
| | | १८.८ | स्थानीयस्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन |
| १९ | | १९.१ | **खानेपानी** |

| | | | |
|---|---|---|---|
| | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा (अनुसूची ९(५), अनुसूची ९(७) समेतबाट) | १९.१.१ | स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १९.१.१ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी |
| | | १९.२ | **साना जलविद्युत आयोजना,** |
| | | १९.२.१ | साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| | | १९.२.२ | स्थानीय खानेपानी, साना जलबिद्युत आयोजना, वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयन र नियमन |
| | | १९.२.३ | स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन |
| | | १९.२.४ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन |
| | | १९.२.५ | स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निधारण र संकलन व्यबस्थापन |
| | | १९.२.६ | स्थानीय तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन |
| | | १९.३ | **वैकल्पिक ऊर्जा** |
| | | १९.३.१ | स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| | | १९.३.२ | स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन |

| | | | |
|---|---|---|---|
| २० | विपद व्यवस्थापन | २०.१ | विपद् व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | २०.२ | स्थानीय स्तर विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना |
| | | २०.३ | स्थानीय स्तरमा विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय |
| | | २०.४ | विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण |
| | | २०.५ | विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य |
| | | २०.६ | विपद् कोष स्थापना तथा संचालन र स्रोत साधनको परिचालन |
| | | २०.७ | विपद् जोखिम न्यूनीकरणका स्थानीयस्तर आयोजना तर्जुमा, कार्यान्वयन र नियमन |
| | | २०.८ | विपद् पश्चात स्थानीयस्तरको पुनस्थापन र पुनर्निर्माण |
| | | २०.९ | स्थानीयस्तरको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| | | २०.१० | स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | **२१.१** | **जलाधार तथा वन्यजन्तु** |
| | | २१.१.१ | जलाधार तथा वन्यजन्तु सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | २१.१.२ | प्राकृतिक प्रकोप रोकथाम र पूर्व तयारी |
| | | २१.१.३ | सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम |
| | | २१.१.४ | पानी मुहान संरक्षण |

| | | | |
|---|---|---|---|
| | | २१.१.५ | भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन |
| | | **२१.२** | **खानी तथा खनिज पदार्थको संरक्षण** |
| | | २१.२.१ | खानी तथा खनिज पदार्थको संरक्षण सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन |
| | | २१.२.२ | ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन |
| | | २१.२.३ | ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायरक्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्वन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन |
| | | २१.२.४ | स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन |
| २२ | भाषासंस्कृति र ललितकलाको संरक्षण र विकास | २२.१ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन नियमन |
| | | २२.२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास |
| | | २२.३ | परम्परागरत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| **संविधानको अनुसूची (९) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण** | | | |
| १ | सहकारी | १.१ | सहकारी अनुसूची ८ (२) मा समावेश भएको |
| २ | शिक्षा, खेलकूद र पत्रपत्रिका | २.१ | शिक्षा (अनुसूची ८ (८) अन्तरगत समावेश) |
| | | २.२ | स्थानीयस्तरमा खेलकुदको संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास |

| | | | |
|---|---|---|---|
| | | २.३ | स्थानीयस्तरमा खेलकूद प्रशासन र संघसंस्थाको नियमन र समन्वय |
| | | २.४ | खेलकूद विकास र प्रवर्द्धन |
| | | २.५ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता |
| | | २.६ | खेलकूद सम्वन्धी प्रादेशिक पूर्वाधारको विकास |
| | | २.७ | स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन |
| ३ | स्वास्थ्य | ३ | अनुसूची ८ (८) अन्तरगत समावेश |
| ४ | कृषि | ४ | अनुसूची ८को १५ र १८ मा समावेश |
| ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू | ५.१ | विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन |
| | | ५.२ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन |
| | | ५.३ | स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निर्धारण र संकलन व्यबस्थापन |
| | | ५.४ | स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन नियमन अनुगमन |
| | | ५.५ | स्थानीय पहिरो नियन्त्रण व्यबस्थापन नियमन अनुगमन |
| ६ | सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क (अनुसूची ९ (१४) बाट समेत) | ६.१ | स्थानीय सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानुन, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| | | ६.२ | संघीय कानुन र प्रदेश कानुन बमोजिम अख्तियारी दिइएका प्राकृतिक श्रोत साधन र सेवाशुल्क जस्ता रोयल्टी संकलन, समन्वय र नियमन |

| | | | |
|---|---|---|---|
| | | ६.२ | कम मूल्यका खनीज पदार्थको उत्खनन् र प्रयोगबाट प्राप्त रोयल्टी |
| | | ६.३ | सामुदायिक बनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी |
| | | ६.४ | पानीघट्ट, कूलो, पैनी आदि संचालनबाट प्राप्त रोयल्टी |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता (अनुसूची ८ को १० समेत) | ७.१ | **वन, जंगल, वन्यजन्तु र चराचुरूंगी** |
| | | ७.१.१ | स्थानीयस्तरमा सामुदायिक, ग्रामिण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन एवं वन उपभोक्ता समूहको व्यवस्थापन |
| | | ७.१.२ | मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन |
| | | ७.१.३ | स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनार वृक्षारोपण व्यवस्थापन |
| | | ७.१.४ | स्थानीयस्तरमा निजी तथा व्यवसायिक वनको प्रवर्द्धन तथा नियमन |
| | | ७.१.५ | स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा र नाङ्गा पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार र उपयोग तथा व्यवस्थापन |
| | | ७.१.६ | स्थानीयस्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी, सर्भेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन |
| | | ७.१.७ | वनबीउ बगैंचा (Breeding Seed Orchards - BSOs) स्थापना, व्यवस्थापन र प्रवर्द्धन |
| | | ७.१.८ | नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन |

| | | | |
|---|---|---|---|
| | | ७.१.९ | वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन |
| | | ७.१.१० | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन |
| | | ७.१.११ | स्थानीयप्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन |
| | | ७.१.१२ | स्थानीय वन्यजन्तु पर्यटन र आय आर्जन |
| | | ७.१.१३ | स्थानीयस्तरमा आखेटोपहार व्यवस्थापन |
| | | ७.१.१४ | स्थानीयस्तरमा वन, वन्यजन्तु र चराचुरुङ्गीको अभिलेखाङ्कन तथा अध्ययन अनुसन्धान |
| | | **७.२** | **वातावरण पर्यावरण तथा जैविक विविधता** |
| | | ७.२.१ | रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन |
| | | ७.२.२ | मिचाह प्रजातिको नियन्त्रण |
| | | ७.२.३ | स्थानीयस्तरको जोखिम न्यूनीकरण |
| | | ७.२.३ | जैविक विविधताको अभिलेखाङ्कन |
| | | ७.२.५ | स्थानीयस्तरमा हरियाली प्रवर्द्धन |
| | | ७.२.६ | स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन |
| ८ | खानी तथा खनीज | ८ | अनुसूची ८(२१) मा समावेश भएको |
| ९ | विपद् व्यवस्थापन | ९ | अनुसूची ८(२०) मा समावेश भएको |
| १० | सामाजिक सुरक्षा र गरिबी निवारण | **१०.१** | **सामाजिक सुरक्षा** |
| | | १०.१.१ | सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र नियमन |
| | | १०.१.२ | पहिचान भएका एवं लक्षित समूह सम्वन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन |
| | | १०.१.३ | सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य |

| | | | |
|---|---|---|---|
| | | १०.१.४ | सामाजिक सुरक्षा सम्वन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन |
| | | **१०.२** | **गरीवी निवारण** |
| | | १०.२.१ | गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियमन र अध्ययन अनुसन्धान |
| | | १०.२.२ | गरिब घरपरिवार पहिचान सम्वन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन |
| | | १०.२.३ | स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन |
| | | १०.२.४ | राष्ट्रिय, प्रादेशिक र स्थानीय संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक | ११.१ | संघीय कानून र मापदण्ड बमोजिम स्थानीय तहमा व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, बसाइ-सराइ सम्बन्ध विच्छेद र धर्मपुत्र/धर्मपुत्री, बसाइ-सराइ) को दर्ता |
| | | ११.१.१ | आधुनिक प्रविधि अपनाइ व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन |
| | | **११.२** | **तथ्यांक** |
| | | ११.२.१ | स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | १२.१ | स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्धन र पुननिर्माण |
| १३ | सुकुम्बासी व्यवस्थापन | १३.१ | संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासी पहिचान र अभिलेख व्यवस्था |
| | | १३.२ | स्थानीयस्तरमा सुकुम्बासी सम्वन्धी जीविकोपार्जन र बसोबास व्यवस्था |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | १४.१ | अनुसूची ९ (६) मा समावेस |

| | | | |
|---|---|---|---|
| १५ | सवारीसाधन अनुमति | १५.१ | यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | १५.२ | स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन |
| | | १५.३ | ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन |
| | | १५.४ | वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन |
| | | | |
| **संविधानका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, राज्यका नीति सम्बन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतीकरण** | | | |
| १ | संस्कृतिक्षेत्र | | **संस्कृतिक्षेत्र** |
| | | १.१ | स्थानीयस्तरमा गुठी अन्तर्गत परम्परागरत रुपमा चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| २ | धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन | २ | **धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन** |
| | | २.१ | स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन |
| ३ | आवासको हक | ३ | **आवासको हक** |
| | | ३.१ | आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन (स्थानीय तह) |
| ४ | महिला हक सम्बन्धी | | **महिला सम्बन्धी** |
| | | ४.१ | महिलाहक सम्बन्धी नीति, योजना, कार्यान्वयन, समन्वय र नियमन |
| | | ४.२ | स्थानीयस्तरमा महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र क्षमता विकास |

| | | | |
|---|---|---|---|
| | | ४.३ | लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनस्थापना |
| | | ४.४ | लैंगिक उत्तरदायी वजेट र परीक्षण सम्बन्धी कार्य |
| ५ | महिला तथा बालबालिका क्षेत्र | | **बालबालिका क्षेत्र** |
| | | १.१ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | | ५.२ | स्थानीयस्तरमा बालबालिकाको हकहित संरक्षण |
| | | ५.३ | स्थानीयस्तरमा बालमैत्री शासकीय प्रवन्ध, बाल क्लव, स्थानीय बाल संरक्षण समिति र बाल सञ्जाल |
| | | ५.४ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी संघ, प्रदेश, निकाय र संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| | | ५.५ | स्थानीयस्तरमा बालबालिका परिवार सहयोग |
| | | ५.६ | स्थानीयस्तरमा वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन |
| | | ५.७ | स्थानीयस्तरमा बाल न्याय |
| | | ५.८ | स्थानीयस्तरमा बाल गृह /पुनर्स्थापन केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन |
| | | ५.९ | स्थानीय स्तरमा सडक बालवालिका व्यवस्थापन |
| | | ५.१ | स्थानीय स्तरमा बालबालिकाको हिंसा नियन्त्रण |
| | | ५.१ | बालसुधार तथा पुनर्स्थापना केन्द्र स्थापना, संचालन, अनुमति र नियमन |

| | | | |
|---|---|---|---|
| | | ५.१२ | आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन |
| ६ | युवाक्षेत्र | ६ | **युवाक्षेत्र** |
| | | ६.१ | स्थानीयस्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन |
| | | ६.२ | स्थानीयस्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास |
| ७ | राज्यका नीति (विकास संवन्धी नीति) | ७ | **राज्यका नीति (विकास संवन्धी नीति)** |
| | | ७.१ | विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रमको तर्जुमा र कार्यान्वयन (स्थानीय तह) |
| | | ७.२ | वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी (स्थानीय तह) |
| | | ७.३ | राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास/विस्तारका कार्यक्रमको तर्जुमा र कार्यान्वयन (स्थानीय तह) |
| | | ७.४ | सूचना प्रविधिमा सर्वसाधरण जनताको सहज/सरल पहुँच बारेका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ७.५ | स्थानीयस्तरमा सूचना प्रविधिको प्रयोग तथा उपयोग |
| ८ | राज्यका नीति (प्राकृतिक स्रोत र साधनको संरक्षण, संवर्द्धन र उपयोग संवन्धि नीति) | ८ | **राज्यका नीति (प्राकृतिक स्रोत र साधनको संरक्षण, संवर्द्धन र उपयोग संवन्धि नीति)** |
| | | ८.१ | जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ८.२ | नवीकरणीय उर्जाको उत्पादन तथा विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |

| | | | |
|---|---|---|---|
| | | ८.३ | जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाई विकासका आयोजनाको कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ८.४ | विपद्जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| ९ | राज्यका नीति (नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति) | ९ | **राज्यका नीति (नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति)** |
| | | ९.१ | आधारभूत बसोबास (प्रदेश स्तर) मा समन्वय |
| | | १.१ | अव्यवस्थित बसोबासको व्यवस्थापनका कार्यक्रमको तर्जुमा र कार्यान्वयन |
| | | ९.३ | योजनावद्ध र व्यवस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन । एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन |
| | | ९.४ | आधारभूत यातायात (प्रदेशस्तर) मा समन्वय |
| | | ९.५ | यातायात क्षेत्रमा लगानी अभिवृद्धि |
| | | ९.६ | यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच |
| | | ९.७ | वातावरण अनुकूल/मैत्री प्रविधिलाई प्राथमिकता |
| | | ९.९ | नीजि यातायात नियमन/नियन्त्रण |
| | | ९.१० | सुरक्षित, व्यवस्थित, भरपर्दो र अपाङ्गता-मैत्री यातायात प्रणाली |
| १० | स्थानीय बजेट, वित्तीय व्यवस्थापन र लेखापालन संविधानको भाग-१९ | १०.१ | **अर्थ तथा वित्त क्षेत्र** |
| | | १०.१.१ | स्थानीय तहको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा स्थानीय आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |

| | | | |
|---|---|---|---|
| | र स्थानीय योजना (स्थानीय स्वायत्त शासन ऐन, २०५५) | १०.१.२ | आर्थिक साधनको बाँडफाँड र समता एवं स्थानीय विकासका लागि आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन |
| | | १०.१.३ | स्थानीय राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा कार्यान्वयन र नियमन |
| | | १०.१.४ | स्थानीय सार्वजनिक खर्च सम्बन्धी नीति तर्जुमा कार्यान्वयन र नियमन |
| | | १०.१.५ | स्थानीय ऋण तथा अनुदानको व्यवस्थापन र नियमन |
| | | १०.१.६ | स्थानीय लगानी प्रक्षेपण (सरकारी, सहकारी र निजी) र वित्तीय व्यवस्थापन |
| | | १०.१.७ | स्थानीय सरकारी सम्पतिको एकीकृत विवरण |
| | | १०.१.८ | स्थानीय सरकारी बाँकी रकमको लगत राख्ने र असुल उपर गर्ने |
| | | ११. | **योजना** |
| | | ११.१.१ | स्थानीय तह विकास नीति, स्थानीय स्तरका अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र अनुगमन तथा मूल्यांकन |
| | | ११.१.२ | स्थानीय प्राथमिकता प्राप्त क्षेत्र निर्धारण |
| | | ११.१.३ | स्थानीय मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा |
| | | ११.१.४ | स्थानीय स्तरमा संचालित केन्द्रीय र प्रादेशिक विकास आयोजना कार्यान्वयन, समन्वय, सहकार्य |
| | | ११.१.५ | अध्ययन अनुसन्धान |
| | | ११.१.६ | वार्षिक विकास कार्यक्रम, स्वीकृति, कार्यान्वयन र नियमन |

| | | | |
|---|---|---|---|
| | | ११.१.७ | गरिवी निवारणको रणनीति तर्जुमा |
| | | ११.१.८ | अनुगमन तथा मूल्यांकनको आधार प्रक्रिया निर्धारण, क्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन; विकास आयोजना कार्यान्वयन, अनुगमन र प्रतिफलको समीक्षा |
| | | १२. | **स्थानीय आर्थिक प्रणाली तथा कोष** |
| | | १२.१.१ | स्थानीय सञ्चितकोषबाट खर्च गर्न सकिने सम्बन्धी स्थानीय आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन |
| | | १२.१.२ | स्थानीय बजेट सीमा निर्धारण, तर्जुमा, कार्यान्वयन र नियमन |
| | | १२.१.३ | स्थानीय लेखा नियन्त्रण तथा व्यवस्थापन |
| | | १२.१.४ | स्थानीय सञ्चितकोष संचालन |
| | | १२.१.५ | स्थानीय राजस्व र व्ययको अनुमान |
| | | १२.१.६ | संघीय कानुन र प्रदेश कानुन बमोजिम घाटापूर्तिको श्रोत व्यवस्था |
| | | १२.१.७ | संघ र प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| | | १२.१.८ | स्थानीय खर्च, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, आन्तरिक तथा अन्तिम लेखा परीक्षण |
| ११ | उपाधि, सम्मान र विभूषण | ११ | **उपाधि, सम्मान र विभूषण** |
| | | ११.१ | उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| १२ | सन्धि वा सम्झौता | १२ | सन्धि वा सम्झौता |
| | | १२.१ | अन्तर्राष्ट्रिय सन्धि सम्झौताको लागि संघ र प्रदेश तहमा अनुरोध, सिफारिस र सम्झौता कार्यान्वयनमा सहयोग |

| | | | |
|---|---|---|---|
| १३ | पर्यटन | १३.१ | स्थानीयस्तरमा पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन |
| | | १३.२ | स्थानीय पर्यटन पूर्वाधार विकास र प्रोत्साहन |
| १४ | **खानेपानी** | १४ | सर्वसाधारणको लागि स्वच्छ खानेपानीको उपलब्धता |
| | | | |
| **कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत भै रहेकाकार्यहरूको विस्तृतीकरण** | | | |
| १ | सार्वजनिक बिदा, उत्सव, उर्दी आादि | **१** | **सार्वजनिक विदा, उत्सव, उर्दी आादि** |
| | | १.१ | स्थानीय तहमा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आादिमा विदा व्यवस्थापन |
| २ | | २ | **संस्कृति सम्वन्धी** |
| | | २.१ | स्थानीयस्तरमा पुरातात्विक धार्मिक महत्वका सम्पदाहरुको संरक्षण संवर्द्धन सम्बन्धी कार्य |
| | | २.२ | स्थानीयस्तरमा सांस्कृतिक विकास तथा संवर्द्धन सम्वन्धी कार्य |
| ३ | | ३ | **समाजकल्याण र संघसस्था सम्वन्धी** |
| | | ३.१ | स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसस्थाको दर्ता तथा नियमन |
| | | ३.२ | गुठी, कोष तथा ट्रष्टहरुको व्यवस्थापन |
| | | ३.३ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असाहय बालबालिकाका र एकल महिला सम्वन्धी कार्य |
| ४ | शान्ति तथा पुनःनिर्माण क्षेत्र | ४ | **शान्ति तथा पुनःनिर्माण क्षेत्र** |
| | | ४.१ | स्थानीय शान्ति समिति सम्बन्धी कार्य |
| ५ | उद्योग सम्वन्धी | ५.१ | लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन विकास र प्रवर्द्धन |
| | | ५.२ | लघु, घरेलु र साना उद्योगको विकास र प्रवर्द्धन |
| | | ५.३ | उद्यमशीलता प्रवर्द्धन |

| | | | |
|---|---|---|---|
| | | | |

नेपालको संविधानको अनुसूचीमा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार सूची, नेपाल सरकारको नगरपालिकाद्वारा स्वीकृत कार्य विभाजन नियमावली, २०७४ लाई आधार लिई यस नगरपालिकाको सङ्गठन संरचना, दरबन्दी र कार्य विवरण तयार गरिएको छ। सोही अनुसार यस नगरपालिकामा हाललाई प्रमुख प्रशासकीय अधिकृत सङ्को रहने गरी साबिकका शाखा र इकाईहरूका कार्यहरूका आधारमा एकीकृत र खण्डित गरिएको हो। नगरपालिका अन्तर्गत विभिन्न शाखा, उपशाखा/इकाई, कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र तथा स्वास्थ्यका छुट्टाछुट्टै संरचना रहने गरी प्रस्ताव गरिएको छ। वडा समेत गरी नगरपालिका, कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्र गरी कूल १८५ जनाको दरबन्दी रहने गरी संरचना प्रस्ताव गरिएको छ भने स्वास्थ्यतर्फका १०५ जना नगर प्रहरी तथा सरसफाइ अध्ययन केन्द्रमा समेत थप्न प्रस्ताव गरिएको दरबन्दीले नगरपालिकाको दरबन्दी ठुलो रहन गएको छ। करार सेवाबाट पदपूर्ति गर्न सिफारिस गरिएका दरबन्दी बाहेक अन्य सबै दरबन्दी स्थायी पदपूर्ति गर्न सिफारिस गरिएको छ र करार सेवाबाट पदपूर्ति गर्न प्रस्तावित दरबन्दीमा व्यक्ति करार नभई प्रतिस्पर्धाका आधारमा सेवा करारबाट पदपूर्ति गर्न सिफारिस गरिएको छ। नगरपालिकाको बढ्दो कानुनी कार्य बोझलाई मध्यनजर गरी कानुन अधिकृतको दरबन्दी सृजना गर्न प्रस्ताव गरिएको छ भने सूचना तथा प्रविधि उपशाखा स्थापना गरी कम्प्युटर इन्जिनियर वा अधिकृतको नेतृत्वमा तथ्याङ्क सहायक-१ रहने गरी संरचना प्रस्तावित गरिएको छ। वातावरण तथा विपद् व्यवस्थापन इकाई लाई वातावरण निरीक्षकले नेतृत्व गर्ने गरी वातावरण तथा विपद् व्यवस्थापन उपशाखाको रूपमा स्तरोन्नति गर्ने प्रस्ताव गरिएको छ। नगरपालिकामा आवश्यक पर्ने नगर प्रहरीको लागि कार्यविधि बनाइ दरबन्दी सृजना गर्ने गरी १९ जनाको दरबन्दी प्रस्ताव गरिएको छ। यस दरबन्दीभित्र नगरपालिका अन्तर्गतका सबै शाखा, उपशाखा, इकाई, वडा कार्यालय, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र तथा स्वास्थ्य संस्थाका कर्मचारीहरू समेटिएको छ। कार्यालय सहयोगी, हेभी सवारी चालक, हलुका सवारी चालक जस्ता श्रेणीविहीन कर्मचारीको दरबन्दी एकमुष्ट रूपमा प्रशासन शाखामा देखाइएको छ। करार सेवामा भर्ना गरिने यस्ता पदहरूसमेत जोड्दा नगरपालिकाको दरबन्दी संरचना ठुलो हुने देखिन्छ। प्रस्तावित दरबन्दीहरूमध्ये स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा करारबाट पदपूर्ति गर्ने भनी किटान भएका पदहरू करारबाटै पदपूर्ति गर्न र बाँकी दरबन्दीमा स्थायी पदपूर्ति गर्न सिफारिस गरिएको छ। रिक्त दरबन्दीमा नगरपालिकाले कार्य बोझ र आन्तरिक क्षमतालाई आधार मानेर एकै पटक वा पटक पटक पदपूर्ति गर्न सिफारिस गरिएको छ। कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, आधारभूत स्वास्थ्य

सेवा इकाईका स्वास्थ्य तर्फका दरबन्दीलाई करारमा राख्न सिफारिस गरिएको हो। नगर कार्यपालिका र अन्तर्गतका निकायहरूको सङ्गठन संरचना र दरबन्दी विवरण क्रमशः अनुसूची १ र 2 मा उल्लेख गरिएको शाखा तथा इकाईहरू एवं प्राथमिक स्वास्थ्य सेवा केन्द्रको कार्य विवरण यसै प्रतिवेदनको अनुसूची क्रमशः ३ र ४ मा संलग्न गरिएको छ।

## ३.२ उपलब्ध मानव स्रोतको आँकलन

नगरपालिकामा रहने दरबन्दीहरूलाई प्रदेश सरकार तथा स्थानीय तहबाट पछि स्वीकृत हुने विभिन्न सेवा, समूह (गठन तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरूसँग सम्बन्धित पद, सेवा, समूह र श्रेणी स्पष्टसँग खुल्ने गरी तयार गरिएको छ। उक्त नियमहरूसँग नमिल्ने पदहरूलाई त्यस्तो नियम बनेपछि आबद्ध गरिनेछ। कर्मचारी समायोजनको कार्य सम्पन्न भइसकेको हुँदा प्रस्तावित दरबन्दीहरू कुनै पनि फाजिलमा समेत पर्ने छैनन्। सेवा समूह अनुसार कै दरबन्दी प्रस्ताव गरिएको हुँदा खुला प्रतिस्पर्धा वा बढुवाबाट त्यस्ता दरबन्दीहरूमा पदपूर्ति हुनेछ।

सङ्गठन संरचना र दरबन्दीमा प्रस्ताव गरिएका पदहरूमध्ये नेपाल विविध सेवा, चौथो तथा पाँचौं तहको सहायक कम्प्युटर अपरेटर र कम्प्युटर अपरेटर समेत स्थायी कर्मचारीहरू उपलब्ध नभएमा सेवा करारबाट पदपूर्ति गर्न सकिनेछ।

## ३.३ परिवर्तनको औचित्य

(क) जनतालाई सेवा प्रवाह गर्ने अग्रपङ्क्तिमा रहेको नगरपालिका जनताले छुन सक्ने सरकार पनि हो र सो को अनुभूति हुने गरी संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू तयार गरी प्रभावकारी कार्यान्वयनका लागि सङ्गठन संरचना स्पष्ट हुन र सो अनुसार कर्मचारीहरूको व्यवस्थापन हुन अनिवार्य भएको।

(ख) बदलिँदो परिस्थिति र राज्य पुनः संरचनाका सन्दर्भमा जनताका मागहरू तथा आवाजलाई सम्बोधन गर्नका लागि स्थानीय शासन सञ्चालन गर्ने संस्थामा विद्यमान जनशक्तिको कार्यक्षमतालाई अभिवृद्धि गर्दै जानुपर्ने भएको र विकास र सहभागिता सम्बन्धमा स्थानीय स्तरमा जनचेतना वृद्धि गर्न आवश्यक भएको।

(ग) विद्यमान साङ्गठनिक स्वरूपमा परिमार्जन गरी कार्यसंचालन प्रक्रिया र अवस्थामा सुधार गर्दै जान स्थानीय तहको स्वायत्तता र सुशासनको अभिवृद्धिका लागि पनि सकारात्मक सहयोग पुर्‍याउने भएको हुँदा नगरपालिकाको लक्ष, उद्देश्य र जिम्मेवारी के हो ? सङ्गठन तालिकामा

आबद्ध कर्मचारीले के काम गर्ने ? भन्ने स्पष्ट गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको औचित्य पुष्टि भएको छ।

(घ) नगरपालिकामा थप हुन आएको जिम्मेवारी अनुसार कार्य सम्पादन गर्न साबिक सङ्गठन संरचनामा परिमार्जन गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको जिम्मेवारी पुरा गर्न प्रस्तावित सङ्गठन संरचनाले हाल देखिएका समस्या समाधानमा सहयोग पुग्ने दिशामा यो सर्वेक्षण औचित्यपूर्ण रहेको छ।

(ङ) बहु सरकार प्रणालीमा आधारित नेपालको सङ्घीय शासन पद्धतिमा साबिकका स्थानीय निकायहरू हाल स्थानीय तहको नामबाट स्थानीय सरकारको रूपमा स्थापित भएका छन् । नेपालको संविधानले तीन वटै सरकारलाई कानुन बमोजिम राज्य शक्तिको प्रयोग गर्न पाउने अधिकार प्रदान गरेको छ । राज्य शक्तिको प्रयोग जनताको सेवा, स्थानीय विकास, आर्थिक समृद्धि तर्फ लक्षित हुनका लागि स्थानीय सरकारको रूपमा रहेका नगरपालिकाहरुले आफ्नो साङ्गठनिक व्यवस्था र आवश्यक जनशक्ति (कर्मचारी) को व्यवस्थापन उचित तरिकाले गर्न आवश्यक देखिएको हुँदा यो नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यान्वयन कार्य योजना बनाई लागु गर्नु औचित्यपूर्ण देखिएको छ।

(च) नेपाल सरकारबाट स्थानीय तहहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा नेपालभरिका नगरपालिकाहरूको एउटै सङ्गठन संरचना र एकै किसिमको दरबन्दी रहेकोमा नगरपालिकाको आवश्यकता र क्षमताको आधारमा संविधानमा उल्लिखित स्थानीय तहका एकल तथा साझा अधिकारको सूचि बमोजिमका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नका लागि हाल नेपाल सरकारबाट विभिन्न मितिमा स्वीकृत यस नगरपालिकाको सङ्गठन संरचना र दरबन्दी अपर्याप्त भएकाले नगरपालिकाको सङ्गठन संरचना र दरबन्दीलाई प्रभावकारी बनाइ कार्य सहजीकरण गर्न यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको हो।

## ३.४ वित्तीय विश्लेषण र थप दरबन्दीले पर्न सक्ने भार

नेपालको संविधानको अनुसूचीमा उल्लिखित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रोतको सीमितता एउटा मुख्य चुनौती हो। आन्तरिक आम्दानी अपेक्षाकृत हुन नसक्नु र साधारण खर्चको निरन्तर वृद्धिलाई तालमेल गर्नु नगरपालिकाको लागि प्रमुख चुनौती देखिन्छ। प्रस्तावित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदनमा कूल ५६ जना दरबन्दी थप गर्ने प्रस्ताव गरिएको छ। यो दरबन्दी पदपूर्ति हुनासाथ अवकाश सम्मको दायित्व निकै ठुलो हुन्छ। मासिक तलब भत्ता जस्ता प्रत्यक्ष खर्च र बिदा अवकाश लगायतका कयौं अप्रत्यक्ष खर्चको जोहो गर्ने सुनिश्चित गरेर मात्र प्रतिवेदन कार्यान्वयनमा लैजानु जरुरी देखिन्छ।

# भाग-४

## ४.१ प्रस्तावित सांगठनिक ढाँचाको व्याख्या

यस नगरपालिकाको विगतमा स्वीकृत सङ्गठन संरचना कार्यमूलक र कार्य बोझ अनुरूपको नै देखिएकाले त्यसलाई सामान्य परिवर्तन गरिएको छ। वडा कार्यालयहरूमा विगतमा झैं एक प्रशासनिक र एक प्राविधिक दरबन्दीहरूलाई निरन्तरता दिइएको छ। सबै वडाहरूमा आधारभूत स्वास्थ्य सेवा पु-याउने उद्देश्यले स्वास्थ्य संस्थाहरू थप गर्ने प्रस्ताव गरिएको छ।

## ४.२ प्रस्तावित दरबन्दी विवरणको व्याख्या

नेपाल सरकारबाट विभिन्न मितिमा स्वीकृत यस नगरपालिकाको दरबन्दी नगरपालिकाको कार्यक्षेत्र तथा भौगोलिक क्षेत्र र नगरपालिकाको उपलब्ध श्रोतका आधारमा नगरपालिकाको दरबन्दी प्रस्ताव गरिएको छ। यो दरबन्दी नगरपालिकाले एकै पटक पदपूर्ति नगरी आफ्नो उपलब्ध श्रोत र आवश्यकताका आधारमा क्रमशः पदपूर्ति गर्दै जानु उपयुक्त हुनेछ।

## ४.३ प्रस्तावित दरबन्दीको औचित्य

बाक्लो र छरिएको बस्ती तथा जनसङ्ख्याका कारण यस नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिमका कार्य सम्पादन गर्ने गरी दरबन्दी प्रस्तावित गरिएको छ। यसरी दरबन्दी प्रस्ताव गर्दा सहायक स्तरका कर्मचारीहरू सामान्यतया बढी प्रस्ताव गरिएको छ। दरबन्दी प्रस्ताव गर्दा नगर कार्यपालिकाका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखा प्रमुखहरूसँग छलफल गरी अत्यावश्यक कर्मचारीहरूको पहिचान गरिएको हो। नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखा प्रमुखहरूबाट हालसम्म काम गर्ने सिलसिलामा महसुस गरिएका दरबन्दी नै निजहरूको सिफारिसमा प्रस्ताव गरिएको हुँदा प्रस्तावित दरबन्दी नगरपालिकाको सेवा प्रवाहका लागि आवश्यक भएको औचित्य पुष्टि हुन्छ। यद्यपि दरबन्दीमा पदपूर्ति गर्दा नगरपालिकाले आफ्नो राजश्व क्षमतालाई समेत आधार मानी पदपूर्ति गर्नुपर्ने भएकाले दरबन्दीको आवश्यकता र नगरपालिकाको वित्तीय क्षमताको तालमेलका आधारमा मात्र एकै पटक नभई विभिन्न चरणमा पदपूर्ति गर्न सिफारिस गरिएको छ। त्यस्तै सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक जस्ता पदहरूमा व्यक्ति करार नगरी कुनै सेवा प्रदान गर्ने सङ्घसंस्थाबाट सेवा करारमार्फत प्रतिस्पर्धाका आधारमा पदपूर्ति गर्न सिफारिस गरिएको छ।

## ४.४ सिफारिश तथा सुझाव

(क) नयाँ संरचना अनुसारको कर्मचारी दरबन्दी समेत सिफारिस गरिएको छ, तापनि सकेसम्म कार्यरत कर्मचारीबाटै कार्यसम्पादन गर्न उपयुक्त देखिन्छ । थपहुने दरबन्दी बमोजिम पदपूर्ति गर्दा नगरपालिकाको कार्यबोझ हेरी अत्यावश्यक दरबन्दीमात्र स्वीकृत गर्ने नीति लिनु व्ययभारको दृष्टिले उपयुक्त देखिन्छ ।

(ख) विद्यमान सङ्गठन तथा कर्मचारी दरवन्दी संख्यामा हुन आएको हेराफेरीलाई कार्यालयको कार्यबोझ, पर्न आउने आर्थिक व्ययभार, थपहुन आएको जिम्मेवारी र स्थानीयस्तरको विकास र सेवा प्रवाहमा नगरपालिकाको खेल्नुपर्ने भूमिकालाई मध्यनजर गरी आवधिक रुपमा संरचना एवं कर्मचारी संख्यामा अझै परिमार्जन गर्दै जानु उपयुक्त हुने देखिन्छ ।

(ग) प्रस्तावित सङ्गठन संरचना र कर्मचारी दरबन्दी अनुसार हालको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९० अनुसार पद र तह मिलान गर्न बांकी देखिएका केहि पदहरु विशेष गरी स्वास्थ्य सेवाका कर्मचारीको पद र तह स्पष्ट नदेखिएको हुंदा कुन तहको कर्मचारीको सेवा आवश्यक पर्ने हो र कुन विषय विज्ञता आवश्यक हो भन्ने स्पष्ट गर्न वहारिक हुने सुझाव प्रस्तुत गरिएको छ ।

(घ) प्रस्तावित सङ्गठन र कर्मचारी दरवन्दी कार्यान्वयन गर्नु अघि प्रतिवेदनको खाकाभित्र रही प्रतिवेदन कार्यान्वयन कार्ययोजना बनाई अत्यावश्यक दरवन्दी स्वीकृत गरी पदपूर्तिका लागि कारवाहि अघि बढाउन उपयुक्त हुने देखिन्छ ।

(ङ) विद्यमान अवस्थामा नेपाल सरकारबाट स्थानीय तहमा समायोजन भई आएका कर्मचारीहरुको साविकको पद अनुसारनै दरवन्दी कायम गर्नुपर्ने कर्मचारी समायोजन ऐनमा व्यवस्था भएको हुंदा सो अनुसार नै दरवन्दी प्रस्ताव गरिएको र कार्यरत कर्मचारीको तह मिलान स्पष्ट हुन आवश्यक देखिएको छ । प्रतिवेदन तयारीको क्रममा कार्यालयबाट कर्मचारी विवरण, आर्थिक विवरण र विगत वर्षको आयव्यय विवरण उपलव्ध हुन नसकेको कारण प्रतिवेदन स्वीकृत गर्नुपूर्व सो विवरण समावेस गरी स्वीकृत गर्न व्यवहारिक हुने सुझाव प्रस्तुत गरिएको छ ।

(च) नयां सङ्गठन तालिका अनुसारका दरवन्दी सिर्जना र स्वीकृत गर्दा अस्थायी प्रकृतिका कर्मचारी दरवन्दी भित्र नराखी कार्यालयको आवश्यकता र आन्तरिक आयश्रोतको आधारमा करारपत्र तयार गरी निश्चित अवधिका लागि समयावधि किटान गरी, कार्यविवरण, जिम्मेवारी र यसवापत पाउने सेवा सुविधा तोकी सेवा करारमा लिनु कानूनसम्मत हुने देखिन्छ ।

(छ) विद्यमान सङ्गठन तालिका र कर्मचारी दरवन्दीबाट नगरपालिकाको प्रशासनिक खर्चमा समेत व्ययभार थप हुन जानेछ । तर, साविकको नगरपालिका र हालको स्थानीय सरकारको रुपमा स्थापित स्थानीय तह (नगरपालिका) को कार्यबोझ, जिम्मेवारी, सेवा प्रवाहको क्षेत्र, संविधान प्रदत्त काम, कर्तव्य र अधिकारको तुलनामा प्रस्तावित सङ्गठन तालिका, कर्मचारी दरवन्दी संख्या र कर्मचारी खर्चको अनुपात अत्यावश्यक नै देखिएको छ।

(ज) नगरपालिकाको लागि प्रस्तावित सङ्गठन र कर्मचारी संख्या आवश्यक पर्ने नै हुंदा यो स्वरुप प्रस्ताव गरिएको हो। प्रस्तावित दरवन्दी एकै पटक स्वीकृत गरी पदपूर्ति गर्नु भन्दा क्रमशः आवश्यकता अनुसार शाखा, उपशाखा वा ईकाई स्थापना र विस्तार गर्दै सो अनुसार दरवन्दी स्वीकृत गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सुझाव प्रस्तुत गरिएको छ।

(झ) प्रतिवेदनमा शाखा, उपशाखा र ईकाईको कार्यविवरण तयार गरी पेश गरिएको छ। शाखामा कार्यरत रहने कर्मचारीको योग्यता र कार्य जिम्मेवारी शाखा प्रमुखहरुबाट नै तोकिने हुंदा सोहि बमोजिम कार्यविवरण सहित शाखा तोकिनु व्यवहारिक हुने देखिएकोले यसमा कर्मचारीको कार्यविवरण पेश गरिएको छैन।

(ञ) प्रस्तावित दरवन्दी स्वीकृत भएपछि स्वीकृत दरवन्दीमा करारका कर्मचारी नरहने हुंदा आवश्यकता अनुसार खुल्ला विज्ञापन गरी प्रतिस्पर्धाका आधारमा कर्मचारी नियुक्ति गर्न विधिसम्मत हुने सुझाव प्रस्तुत गरिएको छ।

(ट) यसरी लोकसेवा आयोगको प्रकृया अनुसार नियुक्ती गर्ने परिपाटी शुरु भएमा नगरपालिकालाई आवश्यक पर्ने योग्य, दक्ष र क्षमतावान युवाहरुको छनौट भई नगरपालिकाको कार्य सम्पादनस्तरमा उल्लेखनीय सुधार हुनेअपेक्षा गरिएको छ।

(ठ) यसमा दरवन्दी स्पष्ट नभएका आवधिक कार्यक्रम तर्फका कर्मचारी समावेस गरिएको छैन। भैपरि आउने कार्यक्रम तथा पटके रुपमा निश्चित शर्तमा आउने कर्मचारी सम्बन्धित कार्यक्रम वा तोकिएको कार्य सम्पन्न भएपश्चात स्वतः नरहने हुंदा प्रस्तावित दरवन्दीमा समावेस गरिएको छैन।


(ड) दातृ निकाय मार्फत प्राप्त योजना वा अन्य निश्चित अवधिका लागि प्राप्त कार्यक्रम तर्फका कर्मचारीहरु नगरपालिकाको नियमित दरवन्दीमा नपर्ने हुंदा कार्यक्रमको अवधि सकिएपछि नगरपालिकाले उक्त कार्य निरन्तर संचालन गर्न पर्ने भएपनि कार्यक्रमका

कर्मचारीलाई नगरपालिकाले आन्तरिकिकरण गर्ने प्रकृयालाई निरुत्साहित गर्नुउचित हुनेछ।

(ढ) न्यायिक समितिको सचिवालयको रुपमा सहयोग गर्न र नगरपालिकालाई आवश्यक परेमा कानूनी राय सल्लाह समेत पेश गर्न कानून शाखा स्थापना गरी प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रहनेगरी कानून अधिकृतको दरवन्दी स्वीकृत गर्ने निर्णय हुन सुझाव प्रस्तुत गरिएको छ।

नगरपालिकाबाट प्राप्त सुझाव सहितको सङ्गठन तालिकामा प्राय शाखाहरुमा कम्प्यूटर अपरेटर/सहायक कम्प्युटर अपरेटर प्रस्ताव भएको छ, अझ वडा कार्यालयहरुमा कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटरको दरबन्दी राख्नैपर्ने सुझाव प्राप्त भएको छ। यो संख्या निकै ठूलो देखिन्छ। नेपाल सरकारले जारी गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण संक्षिप्त कार्यविधि, २०७६ को प्रकरण ३.३ मा **"प्रत्येक पदमा आसिन कर्मचारीले हप्तामा ४० घण्टा कामगर्ने कार्यबोझ हुनुपर्ने"** उल्लेख छ भने प्रकरण ३.६ मा **"कार्यबोझका आधारमा संरचनाको सिद्धान्त, सङ्गठन संरचनाको आधारमा जनशक्तिको सिद्धान्त र सेवा प्रवाहको सुनिश्चितताालाई ध्यानमा राखी उपयुक्त सङ्गठन संरचना र दरवन्दी सृजना गर्नुपर्ने"** व्यवस्था रहेको हुंदा कार्यालयले कम्प्यूटर उपलव्ध गराएका कर्मचारीलाई कम्प्युटर सम्बन्धी क्षमता बृद्धि गरी दैनिक कार्य आफै गर्नसक्ने गरी सक्षम बनाई अन्य प्रविधिगत कार्य सूचना प्रविधि शाखाबाट सहयोग र सम्पादन गर्ने गरी सूचना प्रविधि शाखामा आवश्यक कम्प्यूटर अपरेटर थप गर्न उपयुक्त हुने

## ५.१ लुम्बिनी साँस्कृतिक नगरपालिका, नगर कार्यपालिकाको प्रस्तावित संगठन संरचना



अनुसूचि-२

## लुम्बिनी सांस्कृतिक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लुम्बिनी, रुपन्देही

## ५.२ नगर कार्यपालिकाको प्रस्तावित दरवन्दी तेरिज

| क.सं. | पद | तह | सेवा | समूह | स्वीकृत दरवन्दी | प्रस्तावित दरवन्दी | | कुल कायम हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप | घट | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा. प. द्वितीय | प्रशासन | सा.प्र. | १ | | | १ | संघको दरवन्दी |
| २ | अधिकृत | ९/१० औं | शिक्षा | शि.प्र. | १ | | | १ | |
| ३ | सि.डि.ई. | ९/१० औं | इन्जि. | सिभिल | | १ | | १ | |
| ४ | अधिकृत | ६/७/८ औं | प्रशासन | सा.प्र. | ४ | २ | | ६ | |
| ५ | लेखा अधिकृत | ७/८ औं | प्रशासन | लेखा | १ | | | १ | |
| ६ | अधिकृत | ६/७/८ औं | शिक्षा | शि.प्र. | १ | | | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ औं | स्वास्थ्य | ज. स्वा. | १ | | | १ | |
| ८ | इन्जिनियर | ६/७/८ औं | इन्जि. | वि.&आ | १ | | | १ | |
| ९ | इन्जिनियर | ६ औं | इन्जि. | सिभिल | २ | | | २ | |
| १० | अधिकृत | ६/७/८ औं | न्याय | कानून | १ | | | १ | |
| ११ | आ. ले. प. अधिकृत | ६/७/८ औं | प्रशासन | लेखा | १ | | | १ | |
| १२ | सूचना प्रविधि अधिकृत | ६/७/८ औं | विविध | | १ | | | १ | |
| १३ | समन्वय अधिकारी | ६/७/८ औं | विविध | | १ | | | १ | |
| १४ | स्टाफ नर्स/प. हे. न. | ५/ ६ औं | स्वास्थ्य | क.न.नि/ क.न. | १ | | | १ | |
| १५ | ज. स्वा. नि./हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | १ | १ | | २ | |
| १६ | सहायक | ५ औं | प्रशासन | सा. प्र. | ४ | | | ४ | |
| १७ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | १ | | | १ | |
| १८ | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | ३ | | | ३ | |
| १९ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | २ | १ | | ३ | |
| २० | सव-इन्जिनियर | ५ औं | इन्जि. | स्यानिटरी | | १ | | १ | |
| २१ | वातारण निरिक्षक | ५ औं | विविध | | १ | | | १ | |
| २२ | कम्प्युटर अपरेटर | ५ औं | विविध | | ५ | १ | | ६ | |
| २३ | महिला विकास निरिक्षक | ५ औं | विविध | | १ | | | १ | |
| २४ | पुस्तकालय सहायक | ५ औं | शिक्षा | पुस्तकालय विज्ञान | १ | | | १ | |
| २५ | कानुन सहायक | ५ औं | न्याय | | | १ | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | सर्भेक्षक | ५ औं | इन्जि. | सर्भे | | १ | | १ | |
| २७ | अमिन | ४ | इन्जि. | सर्भे | १ | १ | | २ | |
| २८ | सहायक कम्प्यूटर अपरेटर | चौथौ | विविध | | | ३ | | ३ | |
| २९ | सहायक | ४/५ औं | प्रशासन | सा. प्र. | २ | २ | | ४ | |
| ३० | खा.पा.स.टे. | ४/५ औं | इन्जि. | स्यानिटरी | | १ | | १ | |
| ३१ | समन्वय सहायक | ४/५ औं | विविध | | २ | | | २ | |
| ३२ | पर्यटन सूचना अधिकारी | ५ औं | विविध | | | १ | | १ | करार |
| ३३ | स.पर्यटन सूचना अधिकारी | चौथो | विविध | | | १ | | १ | करार |
| ३४ | समन्वयकर्ता | | | | | १ | | १ | करार/ परामर्श |
| ३५ | लेखा सहयोगी | चौथो | | | १ | | | १ | करार |
| ३६ | सहायक | चौथो | प्रशासन | सा. प्र. | १ | | | १ | |
| ३७ | ल्याव टेक्निसियन | ४/५ औं | इन्जि | | | १ | | १ | |
| ३८ | फिल्ड सहायक | चौथो | | | १ | | | १ | |
| ३९ | स. ले. पा. | चौथो | प्रशासन | लेखा | १ | | | १ | |
| ४० | स. महिला विकास निरिक्षक | चौथो | विविध | | १ | | | १ | |
| ४१ | अ . सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | १ | | | १ | |
| ४२ | सामाजिक परिचालक | चौथो | विविध | | | | | १ | करार |
| ४३ | हेभी सवारी चालक | श्रेणी विहिन | | | ३ | १ | | ४ | करार |
| ४४ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ५ | १ | | ६ | करार |
| ४५ | का. स. | श्रेणी विहिन | | | ७ | ९ | | १६ | करार |
| ४६ | स्वीपर | श्रेणी विहिन | | | २ | | | २ | करार |
| **कार्यालय तर्फ जम्मा** | | | | | **६४** | **३१** | | **९६** | |
| **वडा कार्यालय ( १३ वटा)** | | | | | | | | | |
| १ | सहायक | ४/५ औं | प्रशासन | सा.प्र. | १३ | | | १३ | |
| २ | अ/सव-इन्जिनियर | ४/५ औं | इन्जि. | सिभिल | १३ | | | १३ | |
| ३ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १३ | | १३ | |
| ४ | सहायक कम्प्यूटर अपरेटर | चौथौ | विविध | | १३ | | | १३ | करार |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १३ | | | १३ | करार |
| ६ | चौकिदार | श्रेणी विहिन | | | | १३ | | १३ | करार |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | **५२** | **२६** | | **७८** | |
| **कुल जम्मा** | | | | | **११६** | **५७** | | **१७४** | |
| **कृषि तथा पशुपन्छी विकास तर्फको दरबन्दी** | | | | | | | | | |

| क्र.सं. | पद | तह | सेवा | समूह | जम्मा | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि अधिकृत | ७/८ औं | कृषि | कृषि | १ | | | १ | |
| २ | पशु विकास अधिकृत | ७/८ औं | कृषि | लपोडेडे | १ | | | १ | |
| ३ | प्रा. स. | ५ औं | कृषि | कृषि | २ | | | २ | |
| ४ | प्रा. स. | ५ औं | कृषि | भेटेरिनरी | २ | | | २ | |
| ५ | प्रा. स. | ५ औं | कृषि | लपोडेडे | १ | | | १ | |
| ६ | प्रा. स. | ५ औं | कृषि | मत्स्य | १ | | | १ | |
| ७ | ना.प्रा.स. | ४ औं | कृषि | कृषि | १ | १ | | २ | OVOP |
| ८ | ना.प्रा.स. | ४ औं | कृषि | भेटेरिनरी | २ | | | २ | |
| ९ | ना.प्रा.स. | ४ औं | कृषि | लपोडेडे | २ | | | २ | |
| | | | | जम्मा | **१३** | **१** | | **१४** | |
| | | | | कुल जम्मा | **१२९** | **५८** | | **१८७** | |

**नगर प्रहरी तर्फ**

| **क्र.सं.** | **पद** | **तह** | **सेवा** | **समूह** | **दरबन्दी** | **प्रस्तावित** | | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप | घट | | |
| १ | नगर प्रहरी सहायक निरिक्षक/ नायव निरिक्षक | | | | १ | | | १ | |
| २ | नगर प्रहरी हवल्दार | | | | | | | ० | |
| ३ | नगर प्रहरी जवान | | | | ८ | ७ | | १५ | |
| | ह.स.चा. | | | | | १ | | १ | |
| ४ | भान्से | | | | १ | १ | | २ | |
| जम्मा | | | | | **१०** | **९** | **०** | **१९** | |

**स्वास्थ्य संस्था तर्फ**

| **क्र.सं.** | **पद** | **तह** | **सेवा** | **समूह** | **दरबन्दी** | **प्रस्तावित** | | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप | घट | | |
| १ | मेडिकल अधिकृत | ८ औं | ज.हे.स. | | १ | | | १ | |
| २ | ज. स्वा. नि./हे.अ. | ६ औं | स्वास्थ्य | हे.ई. | १ | | | १ | |
| ३ | स्टाफ नर्स | ६ औं | स्वास्थ्य | क.न.नि/ क.न. | १ | | | १ | |
| ४ | हे.अ./सि.अ.हे.ब. | ५/६ औं | स्वास्थ्य | हे.ई. | १० | | | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | हे.अ./सि.अ.हे.ब./ अ.हे.ब. | ४/५/६ औं | | | ३१ | | | ३१ | |
| ६ | सि.अ.न.मी./अ.न.मी. | ५/६ औं | स्वास्थ्य | क.न.नि/ क.न. | ३१ | | | ३१ | |
| ७ | कविराज | ५/६ औं | स्वास्थ्य | आयुर्वेद | १ | | | १ | |
| ८ | ल्याव असिष्टेन्ट | ५ औं | स्वास्थ य | मे. ल्या.टे. | ८ | | | ८ | |
| ९ | रेडियोग्राफर | ५ औं | स्वास्थ य | रेडियोग्राफि | १ | | | १ | |
| १० | वैद्य | चौथो | स्वास्थ य | आयुर्वेद | १ | | | १ | |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १५ | | | १५ | |
| १२ | स्वीपर | श्रेणी विहिन | | | २ | | | २ | |
| १३ | पाले | | | | २ | | | २ | |
| | | | | **जम्मा** | **१०५** | | | **१०५** | |

**सरसफाई अध्ययन केन्द्रतर्फ**

| **क्र.सं.** | **पद** | **तह** | **सेवा** | **समूह** | **दरबन्दी** | **प्रस्तावित** | | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप | घट | | |
| १ | वातारण निरिक्षक | ५ औं | विविध | | | १ | | १ | |
| २ | सुपरभाइजर | श्रेणी बिहिन | | | | २ | | २ | |
| ३ | सरसफाईकर्ता | | | | | १० | | १० | |
| ४ | अटोचालक | | | | | २ | | २ | |
| जम्मा | | | | | | **१५** | | **१५** | |

अनुसुची- ३

## ६.१ शाखा तथा इकाइहरुको कार्यविवरण

### प्रशासन, योजना तथा अनुगमन शाखा

### प्रशासन शाखा

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन ।
- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।
- गाउँ पालिकाको सङ्गठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा ।
- नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन ।
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।
- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व ।
- जिल्ला समन्वय समितिसँगको समन्वय ।
- वडा तहसँगको सम्पर्क र समन्वय ।
- पत्राचार, सभा, समारोह, शिष्टाचार ।
- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन ।
- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन ।
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख ।

### दर्ता चलानी तथा सोधपुछ इकाइ

- कार्यालयमा जनसम्पर्क, सोधपुछ वा सहायता कक्षको प्रभावकारी संचालन गर्ने,
- प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखको आदेशमा उजुरी पेटीकाको मुचुल्का उठाइ खोल्ने र प्राप्त उजुरी समयमै प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुख समक्ष पेश गर्ने,

- कार्यालयमा प्राप्त हुने पत्रहरुको दर्ता किताबमा दर्ता गरी सम्बन्धित शाखा तथा शाखाहरुमा पुर्याउने व्यवस्था गर्ने,
- अत्यन्त जरुरी वा अति गोप्य वा गोप्य पत्रहरु प्राप्त हुनासाथ प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,
- अन्य कार्यालय वा निकायहरुमा पठाउनुपर्ने पत्रहरुको चलानी गरी हुलाक वा अन्य माध्यम मार्फत पठाउने व्यवस्था मिलाउने,
- कार्यालयको छापहरुको दुरुपयोग हुन नपाउने गरी सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने,
- शाखामा दर्ता गर्न ल्याइएका नगरपालिका क्षेत्रभित्रका आपसी झगडा सम्बन्धी विभिन्न उजुरी निवेदनहरु लगायतका लिखतहरु प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखको आदेशमा हेरी जाँची रित पुगेको भए दर्ता गर्ने र नमिल्ने भए कारण जनाई प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखलाई जानकारी गराउने,
- प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुखको आदेशमा मुद्धा मामिला सम्बन्धी कारवाही शुरु गर्न बुझ्नु पर्ने प्रमाण वा व्यक्तिलाई आदेश जारी गर्न म्याद जारी गरी तामेल गर्ने गराउने,

**राजश्व उप शाखा**

- राजश्व सम्बन्धी नीति, कानून तर्जूमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन।
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड ।
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन ।
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन) ।
- मालपोत संकलन ।

- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन ।
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, ऱ्याफ्टिङ्ग शुल्क ।
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन ।
- पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना ।
- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना ।
- राजस्व सम्भाव्यता अध्ययन तथा विश्लेणात्मक कार्य ।
- बाँकी बक्यौता रकमको लगत र असुल उपर ।
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक ।
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड ।
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन ।
- राजश्व परामर्श समिति सम्बन्धी विषय ।
- स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन ।
- राजश्वको सम्भाव्यता अध्ययन ।
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान ।
- संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था ।

**योजना तथा अनुगमन शाखा**

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
- बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन
- उपभोक्ता समितिको विवरण, क्षमता विकास

- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
- बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन

**सूचना तथा प्रविधि शाखा**

- संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा राष्ट्रिय सूचना आयोगको सम्पर्क बिन्दु सम्बन्धी कार्य,
- सूचनाको अधिकारको व्यवस्थापन गर्ने कार्य,
- नगरपालिकासँग सम्बन्धित software को गुणस्तर सम्बन्धी कार्यहरु,
- नगरपालिकाको वेब साइट अध्यावधिक गर्ने कार्य,
- नगरपालिकाको GIS सम्बन्धी कार्यहरु,
- नगरपालिकामा निर्माण गर्ने विभिन्न Database तथा Software सम्बन्धी कार्य,
- नगरपालिकाको कार्यक्षेत्रसँग सम्बन्धित सूचना तथा तथ्यांक संकलन, प्रशोधन तथा विश्लेषणसम्बन्धी कार्य,
- नतिजामूलक अनुगमन तथा मूल्यांकन (Result-based Monitoring and Evaluation ) सम्बन्धी कार्यहरु,
- नगरपालिकाबाट भए गरेका कार्यका बारेमा मिडियाबाट प्रकाशित सूचनाको व्यवस्थापन सम्बन्धी कार्य,
- सूचना प्रविधि सम्बन्धी कार्यहरु,
- तथ्यांक विश्लेषण सम्बन्धी कार्यहरु,
- व्यवस्थापन सूचना प्रणाली सम्बन्धी कार्यहरु,
- नगरपालिकासँग सम्बन्धित परियोजना बैंक निर्माण सम्बन्धी कार्य,
- नगरपालिका र मातहत निकायहरुको योजना, कार्यक्रम तथा बजेट निर्माण र अनुगमन तथा मूल्यांकनको लागि आवश्यक तथ्यांक एवं सूचना सङ्कलन तथा प्रशोधन गर्ने,
- नगरपालिका र मातहत निकायमा रहेका सूचना तथा तथ्यांक संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं भण्डारण गर्ने,
- अन्तर नगरपालिका सूचना तथा तथ्यांक आदान प्रदान र समन्वयको कार्य गर्ने,

- नगरपालिकासँग सम्बन्धित नीतिगत तथा आवश्यक अन्य छलफलका लागि समय समयमा अनुरोध भै आए बमोजिम सूचना तथा तथ्यांक विश्लेषण सम्बन्धी कार्य गर्ने ।

**सुशासन तथा सदाचार शाखा**

- सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।
- नगरपालिकाको सार्वजनिक सेवालाई गुणस्तरीय, छिटो, छरितो र चुस्त बनाई सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परिक्षकको कार्यालयका वार्षिक प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयन गर्ने, गराउने ।
- सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको सम्पर्क शाखाको रूपमा आवश्यक कार्यहरू गर्ने ।
- भ्रष्टाचारजन्य तथा अनियमिततासम्बन्धी प्राप्त उजुरी व्यवस्थापन गर्ने, गराउने ।
- सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी नेपाल सरकार र प्रदेश सरकार र नगरपालिकाको वार्षिक, मध्यकालीन र दीर्घकालीन नीति तथा रणनीतिको कार्यान्वयन कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने ।
- संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन एवं नियमावलीमा उल्लिखित कर्मचारी एवं पदाधिकारीहरुको आचारसंहिता र आचरणसम्बन्धी मापदण्डको कार्यान्वयनलाई प्रभावकारी बनाउने।
- टेलिफोन, सामाजिक सञ्जाल, पत्र, फ्याक्स र ईमेललगायत माध्यमहरूबाट प्राप्त व्यक्ति तथा संस्थाका गुनासा, सुझाव एवं उजुरीहरू सङ्कलन गर्ने र अभिलेख राख्ने ।
- सङ्कलित गुनासा र सुझावहरू अध्ययन गरी प्राथमिकता निर्धारण गरी निर्देशनसहित कार्यार्थ सम्बन्धित निकायमा पठाउने ।
- नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरी प्राप्त भएका गुनासा, सुझाव एवं उजुरीहरू सम्बन्धित शाखा/वडामा पेस गरी निर्देशन बमोजिम कार्यार्थ सम्बन्धित निकायमा पठाउने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरीहरुको पत्रमा उल्लेख भए बमोजिम अनुसन्धान एवं कारबाही गरी सम्बन्धित निकायमा जवाफ पठाउने।
- सम्बन्धित निकायबाट कारबाहीका लागि प्राप्त भएका गुनासा एवं उजुरीउपर भएको कारवाहीको प्रगतिको अनुगमन गर्ने र प्रतिवेदन तयार गर्ने ।

- सुशासन प्रवर्द्धन तथा सदाचार सम्बन्धी तोकिए बमोजिम अन्य आवश्यक कार्य गर्ने ।

**कानून शाखा**

- न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
- न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य
- न्याय तथा कानूनी राज्यको परिपालना
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन
- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन र समन्वय
- नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकासन र अभिलेख
- विधायन सम्वन्धी अन्य कार्य ।

**वडा कार्यालय**

**वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः**

- आफ्नो वडा भित्रको बस्तुगत विवरण (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिक अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्दै लैजाने,
- निजी घर तथा घरपरिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्व चित्र तयार तथा अद्यावधिक गर्ने ।
- वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने ।

- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने ।
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने ।
- वडाभित्रका योजना तथा भौतिक पूर्बाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने ।

**वडाका विकास निर्माणका कार्यहरु गर्नेः**

- बालउद्यानको व्यवस्था गर्ने ।
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने ।
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने ।
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने ।
- बालबालिकाहरूलाई बि.सि.जि., पोलियो, भिटामिन ए को व्यवस्था गर्ने ।
- पोषण कार्यक्रमको सञ्चालन गर्ने ।
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने ।
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने ।
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने ।
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने ।
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने ।
- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय, प्रवर्द्धन र वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने ।
- कृषि मलको माग सङ्कलन गर्ने ।
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने ।
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन ।
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।

- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने ।
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने ।
- वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने ।
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने ।
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,
- वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,
- बाटोघाटोको वाढी, पहिरो पन्छाउने,
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,
- वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,
- विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,
- वडालाई वातावरणमैत्री बनाउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।
- कानून बमोजिमका नियमन कार्य गर्ने ।
- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घरनिर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने ।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महशूलको स्थानीय दररेट तोक्ने ।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।
- समय समयमा नेपाल कानूनले तोकेबमोजिम अन्य काम गर्ने ।

**अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने**

- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन
- नगरपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- संघीय कानून र मापदण्ड बमोजिम नगरपालिकामा व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन,

- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यबस्थापन ।
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा बस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घरजग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घरपाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घरकायम गर्ने सिफारिस गर्ने,
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश गर्ने,
- नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,
- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जिमन सिफारिस गर्ने,
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने,
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,
- विद्यालयको कक्षा थप गर्न  सिफारिस गर्ने,
- पालन पोषणको लागि सिफारिस गर्ने,
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,
- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित
- विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,
- धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

**ख. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

**सडक, सिंचाई तथा अन्य पूर्वाधार विकास सम्बन्धी**

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान,  अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार
- यातायात सुरक्षा व्यवस्थापन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन
- टयाक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन
- ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय
- यातायात क्षेत्रमा लगानी अभिबृद्धि
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच
- यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन
- निजी यातायात नियमन व्यवस्थापन
- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रवर्द्धन,
- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- सडक वत्तीको व्यवस्थापन
- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन
- सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन
- जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय
- तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

**भवन तथा वस्ती विकास शाखा**

- शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन
- नगरपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन
- आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था
- स्थानीयस्तरमा सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्था
- एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।
- भूमिको वर्गीकरण अनुसारको लगत

- जग्गाको कित्ताकाट र भूमी लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत
- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन
- पुरातत्व, प्राचीन स्मारक र संग्राहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार,

**वातावरण तथा विपद व्यवस्थापन शाखा**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
- विपद् कोषको  स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन
- विपद् पश्चात् स्थानीयस्तरको पुनरुस्थापना र पुनर्निर्माण
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- बारुण यन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली
- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन
- ल्याण्डफिल साईट व्यवस्थापन ।

- सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन ।
- सार्वजनिक शौचालय व्यवस्थापन ।

**वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण सम्बन्धी कार्य**

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन
- बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन
- वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण
- हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण
- वातावरणीय जोखिम न्यूनीकरण
- न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन
- पहिरो नियन्त्रण
- जलवायू परिवर्तन अनुकुलन कार्यक्रम

**सामाजिक तथा आर्थिक विकास शाखा**

**सामाजिक सुरक्षा तथा पंजिकरण उपशाखा**

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन
- आधुनिक प्रबिधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

**महिला, वालवालिका तथा समाज कल्याण उपशाखा**

**लैंगिक समानता**

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकास
- लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना

- लैंगिक उत्तरदायी बजेट

**वालवालिका, किशोर किशोरी तथा युवा तथा खेलकुद विकास**

- बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन र नियमन
- बालबालिकाको हकहीत संरक्षण
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल
- बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,
- बालबालिका परिवार सहयोग
- बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- बाल न्याय
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन
- बाल हिंसा नियन्त्रण
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, सञ्चालन अनुमती र नियमन
- आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन

**अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक**

- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- अपाँगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य ।
- एकल महिला सम्वन्धी कार्य

**गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन**

- स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन

- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- समन्वय र परिचालन
- सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय ।

**संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन**

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास
- परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास ।

**स्वास्थ्य शाखा**

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन ।
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण ।
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन ।
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन ।
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन ।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।
- सरसफाई सचेतनाको अभिवृद्धि ।
- रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा ।
- औषधि पसल सञ्चालन र नियमन ।
- औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण ।

- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन ।
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन ।
- औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण ।
- औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण ।
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन ।
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) ।
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक,उपचारात्मक, पुनस्र्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन ।
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि ।
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन ।
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन ।
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम ।
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।
- स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन
- पानी मुहानको संरक्षण ।
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय ।

**घ. शिक्षा, युवा तथा खेलकुद शाखा**

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, नियमन ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन ।
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन ।
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन ।

- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन ।
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार ।
- आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन ।
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन ।
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन ।
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन ।
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण ।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।
- पुस्तकालय एवं पत्रपत्रिका ।
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन ।
- नेपाल सरकारबाट शिक्षा तर्फ प्राप्त शशर्त अनुदानको सम्पूर्ण वजेट तथा कार्यक्रम सञ्चालन ।
- स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
- खेलकूदको विकास र प्रवर्द्धन
- खेलकूद प्रतियोगीता आयोजना र सहभागीता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।
- युवा जागरण, सशक्तीकरण र परिचालन
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास
- खेलकुद विकास समिति गठन व्यवस्थापन तथा परिचालन

**ङ. कृषि विकास शाखा**

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण

- कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण
- शीत भण्डारणको व्यवस्थापन
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन

**च. पशु सेवा शाखा**

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
- पशु आहारको गुणस्तर नियमन
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**छ. आर्थिक प्रशासन शाखा**

- आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन
- बजेट सीमा निर्धारण, बजेट तर्जूमा, कार्यान्वयन र नियमन
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
- लगानी र लाभांशको व्यबस्थापन

- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष तथा संपत्तिको एकीकृत विवरण
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण
- ऋण तथा अनुदानको व्यवस्थापन र नियमन
- लगानी प्रक्षेपण (सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन
- कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन
- राजश्व तथा व्ययको अनुमान
- आर्थिक प्रशासन र व्यबस्थापन सम्बन्धी अन्य विषय ।

**ज. आन्तरीक लेखा परीक्षण शाखा**

- आन्तरिक तथा पूर्व लेखापरीक्षण
- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखापालनसम्वन्धी क्षमता विकास कार्य
- बेरुजू फछ्र्यौट

**आर्थिक विकास शाखा**

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा अनुगमन
- बजार तथा हाट बजार व्यवस्थापन
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
- खानेपानीको गुणस्तर नियन्त्रण,
- स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,
- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन ।

**उद्योग र खानी तथा खनिज पदार्थ संरक्षण सम्बन्धी**

**उद्योग सम्बन्धी कार्य**

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन

**खानी तथा खनिज सम्बन्धी**

- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन्
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, फायर क्ले,स्लेट तथा नुन, आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन
- भौगर्भिक नक्सा प्रकाशन ।

**सहकारी सम्बन्धी**

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन ।

**वन, वन्यजन्तु, भू-संरक्षण सम्बन्धी**

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती वनको संरक्षण, सम्बर्द्धन, उपयोग र नियमन
- वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन

- निजी तथा व्यवसायिक वनको प्रवर्द्धन र नियमन
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन
- वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान
- रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन
- मिचाहा प्रजातिको नियन्त्रण
- जैविक विविधताको अभिलेख
- सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम
- भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन
- जलवायू परिवर्तन अनुकुलन कार्य
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन

अनुसुची-४

## ६.२ आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको कार्यविवरण

### १ योजना तर्जुमा

- स्वास्थ्य संस्था प्रोफाईल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गरी राख्ने ।
- राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आबधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- स्वीकृत भई आएका कार्यक्रमहरु कार्यान्वयनको लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाँड गर्ने ।
- कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने ।

### २ परिवार नियोजन कार्यक्रम

- कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा दिनुपर्ने लक्षित समूहका दम्पतीहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने ।
- परिवार नियोजनको आवश्यकता, महत्व र फाईदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने ।
- परिवार नियोजनको सेवा तथा परामर्श सेवा उपलब्ध गराउने ।
- बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुऱ्याउने ।
- परिवार नियोजनका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने ।
- परिवार नियोजनका साधनहरुको पर्याप्त मौज्दात कायम राख्ने ।

### ३ सुरक्षित मातृत्व

- प्रत्येक गर्भवती महिलाको विवरण राख्ने ।
- गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने ।
- स्वास्थ्य संस्थामा सुरक्षित प्रशुती सेवा प्रदान गर्ने ।
- जटील अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको व्यवस्था मिलाउने ।
- सुत्केरी पछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने ।

- सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिन, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने ।
- फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले. महिला स्वास्थ्य स्वयं सेविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुको विवरण बनाई राख्ने ।

**४ खोप**

- खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने ।
- खोप लगाउनु पर्ने बच्चा तथा महिलाहरुको लगत तयार गर्ने र अद्यावधिक राख्ने ।
- खोप क्लिनिक सञ्चालनको लागि आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने ।
- कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने ।
- खोप क्लिनिक सञ्चालन गर्ने ।
- खोप दिनुपर्ने बा“की संख्या पत्ता लगाउनेर सुक्ष्म योजना तयार गरी पुरा खोप दिने व्यवस्था मिलाउने।

**५ पोषण**

- पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने ।
- ३ वर्ष मुनिका बच्चाहरुको बृद्धि अनुगमन गर्ने ।
- कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने ।
- कडा खालको कुपोषित व्यक्तिलाई प्रेषण गरी
- भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गर्भवती महिलालाई भिटामिन ए र आइरन चक्की वितरण गर्ने ।
- आयोडिनयुक्त नुनको प्रयोगको प्रवद्र्धन गर्ने ।
- सन्तुलित भोजनबारे सवै परिवारसम्म चेतना पुऱ्याउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने ।

**६ झाडापखाला**

- झाडापखाला रोकथामबारे स्वास्थ्य शिक्षा दिने ।
- ओ.आर.टी. कर्नर स्थापना गरी सञ्चालन गर्ने ।
- झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने ।

- झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामाग्रीहरुको मौज्दात स्थिती अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने ।

## ७ श्वास प्रश्वास

- श्वास—प्रश्वास रोगको रोकथाम बारे स्वास्थ्य शिक्षा दिने ।
- आएका श्वास—प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति अपनाई उपचार गर्ने ।
- उपचार हुन नसकेका विरामीलाई तत्कालै प्रेषण गरी पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने ।
- श्वास प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुनेव्यवस्था मिलाउने ।

## ८ औलो तथा कालाजार

- औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपायबारे जनचेतना जगाउने ।
- औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्तिको रक्त नमुना संकलन कार्यलाई व्यवस्थित गर्ने ।
- औलो रोग तथा कालाजार शङ्का गरिएका व्यक्तिको रक्त नमूना लिने, प्रयोगशालामा जाँच गर्न पठाउने र निर्देशिका अनुसार उपचार गर्ने ।
- औलो रोग तथा कालाजार नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियमित आपूर्ति हुने व्यवस्था मिलाउने (माग गर्ने/वितरण गर्ने)
- प्रभावित क्षेत्रमा सिफारिश गरिएको कीटनासक औषधि छर्कने र झूल बितरण कार्य सञ्चालन गर्ने ।

## ९ क्षयरोग नियन्त्रण

- क्षयरोग रोकथामको लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी प्रयोगशालामा पठाउने ।
- प्रमाणित भएका रोगीको DOTS विधि अनुसार उपचार गर्ने ।
- दर्ता भएका तर उपचारमा नआउने विरामीको खोजी गरी उपचार नियमित गराउने ।
- क्षयरोगको उपचारको लागि औषधिको कमी नहुने व्यवस्था मिलाउने ।

## १० कुष्ठरोग नियन्त्रण

- कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पुर्नस्थापना बारे जनचेतना जगाउने ।
- कुष्ठरोगबाट प्रभावितहरुको लागि नियमित क्लिनिक सञ्चालन गर्ने ।
- कुष्ठ रोगको उपचार र औषधिको प्रतिक्रियाबारे परामर्श दिने ।

- नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने ।
- कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने ।
- कुष्ठरोगको रोकथाम तथा कुष्ठरोगप्रतिको जनभावनामा परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा दिने/स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

### ११ एड्स/यौनरोग

- एच.आई.भी./एड्स/यौनरोग रोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा दिने ।
- यौनरोग को उपचार गर्ने र शंकास्पद व्यक्तिलाई परामर्श तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने ।

### १२ महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप

- आफ्नो कार्यक्षेत्रमा कुनै पनि महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गर्ने र महामारीको बारेमा स्वास्थ्य संस्थाहरुमा विस्तृत छलफल गराई समुदायलाई सचेत गराउनुका साथै सोबारे माथिल्लो निकायलाई जानकारी गराउने ।
- प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी.संग समन्वय गरी तत्कालै प्रभावित क्षेत्रमा गई आवश्यक सेवा प्रदान गर्ने ।

### १३ वातावरणीय सरसफाई

- आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरकोवाताबरण सरसफाई राख्ने ।
- कार्यालय परिसर, सुई, मलहम—पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने
- चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने ।
- खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने ।

### १४ स्वास्थ्य शिक्षा

- शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय संचार माध्यमको उचित प्रयोग गर्ने ।
- पोषण, खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, झाडापखाला, श्वास प्रश्वास, औलो, क्षय, कुष्ठ, कालाजार, एड्स/यौनरोग, व्यक्तिगत तथा वातावरणीय सरसफाई, लैङ्गिक भेदभाव हटाउने आदि विषयमा नियमित स्वास्थ्य शिक्षा दिने ।

### १५ गाउँघर क्लिनिक कार्यक्रम

- प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने ।

- कार्यक्रम सम्बन्धी वडास्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने ।
- गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने ।
- आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्यक सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने ।
- सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने ।
- सुक्ष्म योजना अनुसार गाउँघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने ।

## १६ महिला स्वास्थ्य स्वयंसेविका

- जनसंख्या/कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रम संचालन गर्ने ।
- लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने ।
- कार्यक्रमको अर्धवार्षिक समिक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग नियमित भेटघाट गर्ने तथा आमा समुहको बैठकमा नियमित भाग लिने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कण्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट, आईरन चक्की, जिन्क, सिटामोल, भिटामिन ए, प्राथमिक उपचार, शैक्षिक सामग्री तथा अन्य सामानको आपूर्ति व्यवस्था मिलाउने ।

## १७ उपचार सेवा

- नियमानुसार १० देखि ५ बजेसम्म नियमित रुपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने ।
- उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने ।
- आधारभूत आकस्मिक उपचार सेवा प्रदान गर्ने ।
- अन्तरङ्ग उपचार सेवा दिने
- रक्तचाप परीक्षण, धड्कन/नाडी चेक गर्ने, ज्वरो नाप, श्वासप्रश्वास बृद्धि बिकास, तौल उचाई परीक्षण सम्बन्धी सेवा दिने ।
- नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोग, मधुमेह र उच्च रक्तचापको निदान, उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धी क्रियाकलापहरुमा सहयोग गर्ने ।
- ज्वरो, टाउको दुखेको, जीउ दुखेको, खोकी लागेको, पाँच वर्ष मुनीको बच्चा बिरामी, न्यून श्वासप्रश्वास, छाती पोलेको, पेट सम्बन्धी, झाडापखाला, बान्ता, कब्जियत, दिसामा रगत, पिसाबमा रगत, उच्च रक्तचाप, चिनी रोग, मलेरीया सम्बन्धी उपचार र व्यवस्थापन गर्ने ।

## १८ अनुगमन

- लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने ।
- प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने ।
- माथिल्ला निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने ।

## १९ प्रशासनिक कार्य

- आएका सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राख्ने ।
- पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाईल खडा गरी प्रतिलिपी राख्ने ।
- प्राप्त पत्रहरुमा आवश्यकतानुसार कार्यवाही गर्ने ।
- कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने ।
- आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरीवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने ।
- मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराईरहेका छन्भन्ने कुराको यकिन गर्ने।
- सञ्चालक समिति, परिषद्हरु र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने ।

## २० अभिलेख तथा प्रतिवेदन

- व्यवस्थापन सूचना प्रणालीले लागु गरेका फर्म, कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरुको अभिलेख राख्ने तथा निर्धारित मितिभित्र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने ।
- आवश्यक पर्ने फर्म, रजिष्टर, कार्डहरु कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुँदैमा माग गर्ने ।

## २१ अन्य

- कृषि र वातावरणको क्षेत्रमा अन्य सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी र स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने, गराउने कार्यमा सहयोग गर्ने ।